म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ७३ बिहीबार २५ असोज २०८० ने. सं. ११४३ञलगा 12 October 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## जिल्लास्तरीय भलिबल सुरु

हेटौंडा, २३ असोज/बसामाडी जेसीजको आयोजनामा बुधवारबाट २१ औं स्वर्गीय लक्ष्मीमाया बज्राचार्य स्मृति जिल्लास्तरीय भलिबल प्रतियोगिता सुरु भएको छ । हेटौंडा-४, हुप्रचौरस्थित भलिवल कोर्टमा भएको पहिलो खेलमा नारायणी कलेजले जित निकालेको छ । नारायणी कलेजले हेटौंडा-८ कमानेलाई सोझो सेटमै हराएको हो ।

नारायणी कलेजले कमानेलाई २५-१५ र २५-२१ को सेटले पराजित गरेको छ । बुधवार नै भएको दोस्रो खेलमा छहारी युवासेवा समाज पनि विजयी भएको छ । छहारी युवासेवा समाजले हेटौंडा-१९ बस्तीपुरलाई २-० को सोझो सेटमा पराजित गरेको छ । छहारीले वस्तीपुरलाई २५-१६ र २५-२३ को सोझो सेटमा पराजित गरेको हो । प्रतियोगिताको उपाधी विजेताले ६० हजार रुपैयाँ र उपविजेताले ३० हजार रुपैयाँसहित ट्रफि मेडल तथा प्रमाण-पत्र प्राप्त गर्ने आयोजकले जानकारी दिएको छ । प्रतियोगितामा १३ वटा टिमले भाग लिएका छन् ।

प्रदेश प्रमुखलाई अख्तियारको प्रतिवेदन

# स्थानीय तहका भ्रष्टाचार र अनियमितताको उजुरी धेरै, एक वर्षमा १ हजार ४४२ उजुरी

साझाकुरा संवाददाता

हेटौंडा, २४ असोज/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाले बागमती प्रदेशप्रमुख यादवचन्द्र शर्मालाई वार्षिक प्रतिवेदन पेश गरेको छ ।

आयोग हेटौंडा कार्यालयका प्रमुख नरहरि घिमिरेले नेपालको संविधानको धारा २९४ को उपधारा ३ बमोजिम बुधवार आर्थिक वर्ष २०७९/८० को ३३ औं वार्षिक प्रतिवेदन शर्मालाई बुझाएका हुन् । गत आर्थिक वर्ष २०७९/८० मा बागमती प्रदेशभित्र ५ हजार ३ सय ६० वटा उजुरीहरु दर्ता भएको आयोगले जानकारी दिएको छ । आयोगको हेटौंडा कार्यालयले अघिल्लो आर्थिक वर्ष २०७८/७९ बाट गत आर्थिक वर्षमा १ हजार ४ सय ४७ मुद्दा जिम्मेवारी सरेर आएको थियो । कुल ६ हजार ८ सय ७ उजुरीमध्ये गत आर्थिक वर्षमा आयोगको हेटौंडा कार्यालयले ४ हजार ४ सय २० उजुरी फछ्र्यौट गरेको प्रतिवेदनमा उल्लेख छ ।

जसमध्ये गत आर्थिक वर्षको ३ हजार ६ सय २८ उजुरी र अघिल्लो आर्थिक वर्षको ७ सय ९२ उजुरी फछ्र्यौट भएका छन् । गत आर्थिक वर्षमा कार्यालयले ६४ दशमलव ९३ प्रतिशत उजुरीहरु फछ्र्यौट गरेको छ । प्रतिवेदन अनुसार बागमती प्रदेशका स्थानीय तहहरुमा गत आर्थिक वर्षमा मात्र १ हजार ४ सय ४२ उजुरीहरु प्राप्त भएको छ । अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ३ सय ३५ उजुरी सहित कार्यालयलाई स्थानीय तहका कुल १ हजार ७ सय ७७ उजुरी प्राप्त भएकोमा १ हजार १ सय ७१ उजुरी फछ्र्यौट गरिएको छ ।



बागमती प्रदेशका ४ सय ७७ निकायविरुद्ध कार्यालयमा गत आर्थिक वर्षमा उजुरी परेको थियो भने अघिल्लो आर्थिक वर्षबाट ७२ वटा उजुरी जिम्मेवारी सरेर आएको थियो । जसमध्ये कार्यालयले ३ सय ५ वटा उजुरी फछ्र्यौट गरेको छ । प्रदेशमा रहेका ३ हजार ४ सय ४१ संघीय सरकारी निकायविरुद्ध कार्यालयमा उजुरी प्राप्त भएको प्रतिवेदनमा उल्लेख छ । संघीय निकायहरु विरुद्धको १ हजार ४० सहित गत आर्थिक वर्षमा कुल ४ हजार ४ सय ८१ वटा उजुरीहरु प्राप्त भएको थियो । जसमध्ये २ हजार ८९० उजुरी फछ्र्यौट गरिएको छ ।

कार्यालयमा प्राप्त कुल २ हजार ३ सय २६ उजुरीमध्ये १ हजार ४ सय ४६ उजुरी प्रारम्भिक छानबीनबाट फछ्र्यौट भएका छन् भने १ सय ११ वटा उजुरीउपर विस्तृत अनुसन्धान गर्ने निर्णय गरिएको छ । ६ सय १३ उजुरी तामेली, ३ सय ५८ उजुरी एकीकरण गरिएको छ । १ सय ३१ उजुरी आयोगको सम्बन्धित महाशाखामा पठाइएको र २ सय ३३ उजुरीउपर कानुनबमोजिम अन्य आवश्यक कार बाहीका लागि विभिन्न निकायमा पत्राचार गरिएको कार्यालयले जानकारी दिएको छ ।

बुधवार आयोगको कार्यालय हेटौंडाको प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख शर्माले आयोगको सक्रियताले बागमती प्रदेशमा भ्रष्टाचार न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेलेको बताए । उनले न्यायमा आधारित समतामूलक, सुशासनयुक्त समाज र राज्य निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् । उनले आयोगको प्रभावकारिता अझै बढाउनुपर्नेमा जोड दिए । कार्यक्रममा आयोगका हेटौंडा कार्यालयका प्रमुख घिमिरेले आयोगले सम्पादन गरेको प्रदेशभित्रका विषयवस्तु समेटिएको वार्षिक प्रतिवेदनको सारसंक्षेप प्रस्तुति गरेका थिए ।

स्थानीय तहको निर्वाचनपछि सर्वसाधारण जनताले लामो समयपछि स्थानीय जनप्रतिनिधि पाए । गाउँगाउँमा सिहदरबार भनेर ठूलो नारा लगाइयो । गाउँमा सिंहदरबार आएको आभाष जनताले गरेसँगै विकासले पनि फड्को मार्ने अपेक्षा थियो । तर, जनअपेक्षा अनुरुप साँच्चिकै विकासले फड्को मारेन । पहिलेको स्थानीय निकायमा हुने गरेको भ्रष्टाचारको श्रृंखलाहरु अब दोहरिदैनन् भन्ने अपेक्षा नागरिकले गरेका थिए ।

स्थानीय निकायमा योजना छनोट गर्दा आवश्यकता र प्राथमिकता हेर्नुभन्दा पनि आफन्त र कार्यकर्तामुखी हुने गरेको आरोप छ । योजना छनोटमा समाजको भौगोलिक, आर्थिक-सामाजिक र नागरिकको आवश्यकता र चाहनाको बीचमा समदूरी कायम गर्नभन्दा पनि निश्चित वर्ग, क्षेत्र र समुदायको प्रभावमा योजना छनोट गर्ने गरेको देखिन्छ । कार्यकर्ता खुशी पार्न जथाभाबी योजना छनोट गर्दाको परिणाम अख्तियारमा उजुरीको चाङ बढेको हो ।

राष्ट्रिय कविता प्रतियोगिता:

# उत्कृष्ट २० भित्र मकवानपुरका चारवटा कविता

साझाकुरा संवाददाता

हेटौंडा, २४ असोज/ प्रदेश युवा परिषद् बागमती प्रदेशको आयोजना तथा साहित्य संगम मकवानपुरको सहकार्यमा आयोजित राष्ट्रिय कविता प्रतियोगितामा उत्कृष्ट २० वटा कवितामा मकवानपुरको चारवटा कविता पनि अटाएका छन् ।

प्रतियोगिताको लागि सहभागिता जनाएको १ सय ५३ वटा कवितामध्ये उत्कृष्ट २० कवि र कविताको नामावली सार्वजनिक गरिएको छ । उत्कृष्ट २० भित्र मकवानपुरका उत्सवराज चौलागाईको पसिनाको दैनिकी, मकवानपुरका विशप आचार्य (युगेश) को मेरो देश, मकवानपुरकै बैकुण्ठ लामिछानेको फ्रेमभित्र देश र मकवानपुरका समर्पण न्यौपानेका झिल्काहरुको पर्खाइमा कविता छनोटमा परेको हो ।

उत्कृष्ट २० भित्र छनोट हुनेमा चितवनका अज्ञान प्रदीपको कुण्डली, सिरहाका अविनाश भट्टराइको पाइतालाहरु, गोरखाका आदित्य राम (रिजन)को नास्तिक भगवान, मकवानपुरका उत्सवराज चौलागाईको पसिनाको दैनिकी, स्याङ्जाका ऋषिराम पाण्डेयको शान्तिको विरुवा, रसुवाका एलिसा एकलासको निर्धो बक्ररेखा, गोरखाका एस आरु दुवाडीको डाएरीको पानाबाट, नुवाकोटका गीता पुडासैनीका सडक कविता रहेका छन् ।

यसैगरी दैलेखका दिपिन सिजापतीको अर्ती, भक्तपुरका देवेन्द्र अधिकारीको दिवारात्री, तनहुँका भीमप्रसाद खतिवडा अनुरागको मेरो यात्रा, काठमाडौंका मोहित जोशीको कायाकल्प, धादिङका रञ्जिता अधिकारीको मध्यपूर्वको भूगोलबाट, रौतहटका श्याम थापाको अन्तिम काँटी, उदयपुरका सुमी पोखरेलको बुढयौली, सुनसरीको सुरज पराजुलीको पर्खाइ र सिन्धुपाल्चोकको स्मिता श्रेष्ठको द्विविधा कविता छनोट भएको साहित्य संगम मकवानपुरका अध्यक्ष डिबि बर्तौलाले जानकारी दिए ।

कविता छनोटमा सर्जक सञ्जाल मकवानपुरका अध्यक्ष निमेष निखिल, बाग्लुङका कवि भूपी खड्का र काठमाडौंका कवि बिन्दु शर्माले निर्णायकको भूमिका निर्वाह गरेका थिए । उत्कृष्ट २० मा छनोट भएका कविहरुबीच असोज २७ गते प्रतियोगिताको आयोजना गरी प्रथम, द्वितीय, तृतीय र सान्त्वनालाई पुरस्कार प्रदान गरिने आयोजक प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंले जानकारी दिए । प्रतियोगितामा प्रथम हुनेले नगद ४० हजार, द्वितीय हुनेले ३० हजार, तृतीय हुनेले नगद २० हजार र सान्त्वना हुनेले नगद १० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# हुप्रचौरमा टि-२० क्रिकेट प्रतियोगिता सुरु

साझाकुरा संवाददाता



हेटौंडा, २४ असोज/ मकवानपुर जिल्ला क्रिकेट संघको आयोजना तथा हेटौंडा उपमहानगर पालिकाको सहयोगमा बुधवारबाट हेटौंडामा टि-२० क्रिकेट प्रतियोगिता सुरु भएको छ ।

हेटौंडा-४, हुप्रचौरमा सुरु भएको प्रतियोगिताको उद्घाटन हेटौंडा उपमहानगरपालिकाका उपमेयर राजेश बानियाँले गरेका छन् । मकवानपुर जिल्ला क्रिकेट संघका अध्यक्ष करण महत्रा क्षेत्रीको सभाध्यक्षतामा भएको उद्घाटन समारोहमा बोल्दै बानियाँले क्रिकेटसहितका खेलकुदको विकासमा उपमहानगरपालिकाले निरन्तर सहयोग जारी राख्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

प्रतियोगितामा ६ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगिताको उपाधी विजेता टिमले १ लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित ट्रफि, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा विधागत उत्कृष्ट खेलाडीहरुका लागि समेत विशेष पुरस्कारको व्यवस्था गरिएको थियो । प्रतियोगिताको फाइनल खेल आगामी आइतबार हुनेछ ।

# सञ्चोका चिकित्सक कुटपिट घटनामा ६ जना धरौटीमा छुटे, थप एकजना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २४ असोज/ चिकित्सकमाथि आक्रमणको अभियोगमा हिरासतमा रहेका मकवापुरका ६ जनालाई जिल्ला अदालत मकवानपुरले धरौटीमा छोड्ने निर्णय गरेको छ ।

गत भदौ २७ गते हेटौंडा-१, स्थित सञ्चो हस्पिटलमा विरामीको उपचार गरिरहेका चिकित्सकलाई सांघातिक आक्रमण गरेको अभियोगमा पक्राउ परेका ६ जनालाई जिल्ला अदालतले धरौटीमा रिहा गर्न आदेश दिएसँगै उनीहरु धरौटी बुझाएर रिहा भएका हुन् । जिल्ला न्यायाधीश राजेन्द्र अधिकारीको इजलाशले आरोपितलाई धरौटीमा रिहा गर्न आदेश दिएको हो । आक्रमणको अभियोग लागेका रमा प्रधानलाई २ लाख ५० हजार तथा रमिला प्रधान, रोहन प्रधान, अनुप प्रधान, जीवन लामा तथा सुनिल पाखिनलाई जनही २ लाख रुपैयाँको दरले अदालतले धरौटी माग गरेको थियो ।

डेंगू संक्रमणको कारण एक महिनाअघि मृत्यु भएका हेटौंडा-१२ का ४१ वर्षीय राजेश प्रधानको उपचारमा लापरबाही भएको भन्दै उनका आफन्तसहितको केही युवाको समूहले गत भदौ २७ गते हेटौंडा-१ स्थित सन्चो अस्पतालमा कार्यरत डाक्टर विकास थापा र प्रशान्त विडारीमाथि कुटपिट गरेका थिए । मकवानपुर प्रहरीले १३ जनाविरुद्ध परेको उजुरीमा अझै ६ जना फरार रहेको जानकारी दिएको छ ।

एक जनालाई भने प्रहरीले बुधवार नै पक्राउ गरेको छ । पक्राउ पर्नेमा हेटौंडा उपमहानगरपालिका वडा नम्वर १२ सिक्रेनी बस्ने ३६ वर्षीय सुबास स्याङतान छन् । उनलाई बुधबार हेटौंडा उपमहानगर पालिका वडा नम्वर १० स्थित बसपार्कबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

# मकवानपुरका अञ्जन र आयुष सम्मिलित नेपाली फुटबल टिमको घोषणा




साझाकुरा संवाददाता

हेटौंडा, २३ असोज/ मकवानपुरका फुटबल स्टार अञ्जन विष्ट र आयुष घलान राष्ट्रिय टिममा अटाएका छन् । अञ्जन र आयुष राष्ट्रिय टिममा विगतदेखि नै सम्मिलित छन् ।

अखिल नेपाल फुटबल संघ (एन्फा) ले फिफा विश्वकप-२०२६ को पहिलो चरणअन्तर्गत लाओसविरुद्ध खेलका लागि नेपाली फुटबल टोलीको घोषणा गरेको छ । जसमा अञ्जन र आयुष फर्वाडका लागि राष्ट्रिय टिममा सहभागी भएका हुन् । हेटौंडा-१० भुटनदेवी मन्दिररोडका अञ्जन स्थानीयस्तरमै फुटबल सिक्दै एन्फा एकेडेमी हुँदै राष्ट्रिय टिमका महत्वपूर्ण सदस्य छन् । हेटौंडा-१८ हर्नामाडीका घलान भने काठमाडौंमै हुर्किएर उतै अभ्यस्त भएपछि राष्ट्रिय टिममा अटाएका हुन् ।

नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसेले नयाँ खेलाडी अमृत श्रेष्ठ र सञ्जीव विष्टलाई समेट्दै २३ सदस्यीय टोलीको घोषणा गरेका हुन् । प्रशिक्षक एनेसेले लाओस विरुद्धको खेल आफ्ना लागि अवसर भएको बताउँदै टिममा रहेका नयाँ र ऊर्जावान युवाको सहभागिताले प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने विश्वास व्यक्त गरे । राष्ट्रिय फुटबल टोलीका कप्तान किरण चेम्जोङले लाओसविरुद्धको खेलका लागि आफनो टोलीले राम्रो अभ्यास गरेको बताए ।

छनोट हुने नेपाली टोलीको गोलकिपरमा किरणकुमार लिम्बू, दीप कार्की र अभिषेक बराल छन् । डिफेन्डरमा सनिश श्रेष्ठ, अनन्त तामाङ, आशिष गुरुङ, रोहित चन्द, अञ्जन राई, आशिष चौधरी र अमृत श्रेष्ठ छन् । मिडफिल्डरमा एरिक विष्ट, सुदिप गुरुङ, लाकेन लिम्बू, आवास लामिछाने, उत्सव राई, कृतिशरत्न छुन्जु र मनिष डाँगी छन् भने फरवार्डमा अन्जन विष्ट, आयुष घलान, जिलेस्पेजंग कार्की, दिनेश हेन्जन, हिसुब थपलिया र सञ्जीव विष्ट रहेका छन् । हिमालयन शेर्पा क्लबका डिफेन्डर अमृत श्रेष्ठ र न्यूरोड टिमका फरवार्ड सञ्जीव विष्ट पहिलोपटक राष्ट्रिय टोलीमा प्रवेश गरेका हुन् ।

विश्वकप छनोटअन्तर्गत पहिलो खेलमा नेपालले आज (बिहीबार) साँझ साढे ५ बजे त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुनेछ । होम एन्ड अवेका आधारमा हुने छनोट खेलमा नेपालले लाओससँग दोस्रो खेल यही असोज ३० गते उसकै मैदानमा खेल्नेछ । यस खेलको विजेता टोलीले विश्वकप छनोटको दोस्रो चरणमा स्थान बनाउने छन् । नेपालले यसअघि पनि विश्वकप छनोटअन्तर्गत लाओससँग प्रतिस्पर्धा गरेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# यो वर्ष नभरिने भयो कुलेखानीको जलाशय

कुलेखानी जलविद्युत् आयोजनाको जलाशय यो वर्ष नभरिने भएको छ । जलाशय भरिएको खण्डमा जति विद्युत उत्पादन हुन्छ नभरिएको अवस्थामा त्यति विद्युत उत्पादन हुन सक्दैन । यसको मतलव कम पानी पर्दा नेपाल विद्युत प्राधिकरणलाई घाटा लाग्ने अवस्था छ । इन्द्रसरोवरमा गत वर्षको तुलनामा यो वर्ष कम पानी संकलन भएको छ । नेपालबाट वर्षाको मौसम बाहिरिएको र पानी पर्ने क्रम घट्दा जलाशयमा गत वर्षभन्दा कम पानी संकलन भएको हो । गत वर्षको तुलनामा यो वर्ष जलाशयमा यही अवधिमा पानीको सतह घटेको हो । नेपालको जलाशययुक्त यस आयोजनालाई जलविद्युतको महत्वपूर्ण ब्याकअपका रुपमा समेत मानिन्छ । नेपाल विद्युत प्राधिकरणका लागि यो ब्याट्री ब्याकप जस्तै हो । प्राधिकरणको सिष्टममा समस्या आएको अवस्थामा विद्युत उत्पादन र सप्लाईको ट्रिप गर्न कुलेखानीले सहयोग गर्ने गरेको छ । सोमबारसम्मको जलाशयमा समुद्री सतहबाट एक हजार ५२१ मिटर पानी पुगेको छ ।

एक वर्षअघि असोज २२ गते दिउँसो आयोजनाको जलाशयको पानीको तह समुद्री सतहबाट एक हजार ५२३.१४ मिटर मापन गरिएको कुलेखानी जलविद्युत् आयोजनाले जनाएको छ । गत वर्ष असोज ३१ गते जलाशयमा समुद्री सतहबाट एक हजार ५२८.८४ मिटर मापन गरिएको थियो । जलाशयमा इन्द्रसरोवर गाउँपालिकासँगै थाहा नगरपालिका क्षेत्रमा रहेका खोलाहरुबाट आउने पानी संकलन हुँदै आएको छ । अर्थात कुलेखानीको जलाशयको जलाधार क्षेत्रमा यो वर्ष कम पानी परेका कारण जलाशय भरिन सक्ने सम्भावना न्यून बन्दै गएको बताइएको छ । त्यस क्षेत्रमा विगतका वर्षको अनुपातमा कम वर्षा भएका कारण पनि आयोजनाको जलाशयमा पानी संकलन कम भएको हो । कुलेखानी जलविद्युत् आयोजना प्रथमले गत वर्षको तुलनामा यो वर्ष आयोजनाको जलाधार क्षेत्रमा कम पानी परेका कारण पानी संकलनको दरसमेत कम भएको जानकारी दिएको छ । जलाशयको पानी प्रयोग गरी वर्षाको समयमा विद्युत् उत्पादन भएकाले पानी कम संकलन भएको बताइएको छ । नेपाल विद्युत प्राधिकरणले अहिले भारतमा विद्युत् बिक्री गरिरहेको छ, त्यसमा कुलेखानीका तीनवटै आयोजनाबाट उत्पादित विद्युतसमेत पर्छ । महँगो मूल्य पाउँदा विद्युत् बिक्री गर्ने भएकाले कुलेखानी आयोजना सञ्चालन हुँदा जलाशयको पानी खपत हुन्छ । पछिल्ला दुई दिन आयोजनाबाट कम परिणाममा विद्युत् उत्पादन भएको छ । पछिल्लो दुईदिन ३० देखि ४० मेगा/आवर विद्युत् उत्पादन भएको छ ।

विद्युत् अधिक माग भएको समय तथा भोल्टेज कम र बढी हुँदा विद्युत् वितरण प्रणालीलाई व्यवस्थित गर्नसमेत जलाशयको पानी उपयोग गरी कुलेखानी जलविद्युत् आयोजना सञ्चालन गर्ने गरिएको बताइएको छ । जलाशयमा पानीको तह समुद्री सतहबाट एक हजार ५३० मिटर पुग्दा जलाशय भरिन्छ । गत वर्ष कात्तिकको मध्यमा पुग्दा जलाशयको सतह समुद्री सतहबाट एक हजार ५२८.८४ मिटर पुगेको थियो । जलाशयको पानीको सतह बढेर जलाशय भरिएर निस्कने पानी कुलेखानी खोला हुँदै बागमती नदीमा मिसिने गरेको छ । कुलेखानी जलविद्युत् आयोजनाको पहिलोबाट ६० मेगावाट, दोस्रोबाट ३२ मेगावाट र तेस्रो जलविद्युत् केन्द्रको १४ मेगावाट विद्युत् उत्पादन क्षमता रहेको छ । कुलेखानीमा वर्षाको पानी जम्मा गरी मुख्य रुपमा विद्युतको अत्याधिक माग हुने हिउँदमा मात्रै चलाउने आयोजना हो । विद्युत आवश्यक परेको बेला प्रणालीलाई सन्तुलन कायम गर्नमात्रै कुलेखानी चलाइने गरिएको छ । कुलेखानी जलाशय करिब ७ किमि लम्बाई, चार सय मिटर चौडाईमा फैलिएको छ । हिउदमा स्थानीय किसानले जलाशयमा माछापालन गरी राम्रो आम्दानी गरिरहेका छन् । करिब चारदसक अघि निर्माण भएको ईन्द्रसरोवर नेपालको मानवनिर्मित सबैभन्दा ठूलो जलाशय हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज २६ गते शुक्रबार १३ अक्टोबर २०२३ । चतुर्दशी, आश्विन कृष्णपक्ष । ञलगा ११४३ ने.सं. । सूर्योदय ६:०३, सूर्यास्त ५:३६ । प्राकृतिक विपत्ति न्यूनीकरण दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आफन्तको सहयोग मिल्नेछ | तुला | : नयाँ काम गर्न जागर आउनेछ |
| वृष | : यात्राको लागि राम्रो समय छ | वृश्चिक | : बोल्दा विचार पुर्‍याउनु पर्नेछ |
| मिथुन | : सोचेजस्तो सहयोग मिल्नेछैन | धनु | : पढाइमा सहयोग मिल्नेछ |
| कर्कट | : समय पूजापाठमा बित्नेछ | मकर | : रिसाउने बानीले हानि पुग्नेछ |
| सिंह | : व्यापारबाट फाइदा हुनेछ | कुम्भ | : सामाजिक काममा रुचि बढ्नेछ |
| कन्या | : मन प्रशन्न हुने देखिन्छ | मीन | : यात्रामा कष्ट मिल्नेछ |

# लाचार सरकार, मारमा व्यवसायी



भागीरथी सापकोटा

समाजमा सबै वर्गका आ-आफ्ना हित हुन्छन्, त्यसको रक्षा र विकासमा सबैले चासो दिन्छन् अनि प्रयत्न गर्छन् । ती हितहरूलाई समग्रमा राजनीतिले प्रतिनिधित्व गर्छ । यसरी राजनीतिक रूपमा प्रतिनिधित्व हुने हितलाई विचार भनिन्छ । त्यस्ता विचारलाई ती वर्गका संगठनहरूले प्रतिनिधित्व गर्दछन् । संगठन जति बलियो हुन्छ, त्यति नै तिनका हितहरूको रक्षा र विकास हुन्छ ।

नेपालका प्रगतिशील वर्गहरूको हितका लागि पञ्चायती व्यवस्था अवरोध बन्यो । त्यसैले उनीहरू पञ्चायती व्यवस्थाको विरुद्धमा संगठित भए र २०४६ सालमा बहुदलीय व्यवस्थाको स्थापना भयो । त्यसैगरी राजतन्त्र प्रगतिशील वर्गहरूको हितका लागि अवरोधक देखियो र २०६२/६३ को क्रान्तिले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्‍यो ।राजनीतिक दलहरूले संवैधानिक कानुनी हिसाबले राज्यको नेतृत्व गरिर हेका हुन्छन् । नेपालको संविधानले राज्यको उद्देश्य समाजवादउन्मुख समृद्ध समाज हो भनेको छ । त्यसैले दलहरूको कार्यभार जनतालाई सुखी र मुलुकलाई समृद्ध बनाउन समाजवादतर्फ अग्रसर गराउनु हो ।

समाजवाद उन्मुख राज्यको सरकारले जनताका अत्यावश्यक आवश्यकता परिपूर्ति गर्न सक्ने वातावरण सिर्जना गर्नुपर्छ । पूँजीलाई उत्पादनमुखी कार्यमा लगानी गर्न र रोजगारी दिनसक्ने उद्योगको संरक्षण गर्नुपर्छ । यसको लागि राज्य बलियो हुनुपर्दछ । राज्य आर्थिक रूपमा बलियो बन्न सबै वर्ग र क्षेत्रलाई परि चालित हुनसक्ने नीति-निर्माण र कार्यान्वयन गर्दै जानुपर्छ ।

राज्यले समाजवादउन्मुख गोरेटोलाई विस्तार गर्न तीन खम्बे आर्थिक नीति अवलम्बन गरेको छ । यसमा निजी क्षेत्र एउटा खम्बा हो । यस खम्बाले राज्यलाई बढीभन्दा बढी राजस्व तिर्ने, समाजमा रोजगारी सृजना गर्ने र वैदेशिक मुद्रा आर्जन र आयात प्रतिस्थापन गर्ने काम गरी राज्यलाई बलियो बनाउँदछ । यसरी हेर्दा निजी क्षेत्रले राज्य सँगसँगै समाजवादउन्मुख गोरेटोलाई फराकिलो बनाउन सहयोग गरिरहेको हुन्छ ।

### वर्तमान आर्थिक परिदृश्य

विगत दुई वर्षदेखि नेपालको अर्थतन्त्र निरन्तर ओरालो लाग्दा सम्पूर्ण व्यावसायिक क्षेत्र संकटमा छ । गत आर्थिक वर्र्षमा आर्थिक वृद्धि २ प्रतिशत पनि नहुँदा औसत मूल्य वृद्धिदर भने दुई वर्ष अघिको भन्दा दोब्बर भयो । सरकारको राजस्व घट्दै र खर्च गर्ने क्षमता ह्रास हुँदै जानु, निरन्तर रूपमा वैदेशिक व्यापार खुम्चिँदै जानु, घरजग्गा, शेयर कारोबार, सहकारी, लघुवित्त लगायत वित्तीय क्षेत्रमा संकुचन आउनु तथा व्यवसायीहरू पलायन हुँदै जानु लगायतले व्यावसायिक क्षेत्र संकटमा रहेको पुष्टि हुन्छ ।

कठिन अवस्थामा पनि रोजगारी सिर्जना र राजस्वमा योगदान दिइरहेका व्यवसायीहरू राज्यको सामान्य सहयोग समेत पाउन नसक्दा कालोसूचीमा परिरहेका छन् । पछिल्लो आर्थिक वर्षमा व्यवसायीहरू कालोसूचीमा पर्ने क्रम १५० प्रतिशतले बढेको छ । पछिल्लो एक वर्र्षको अवधिमा ४१ हजार ७५५ जना कालोसूचीमा थपिएका छन् । योसँगै झण्डै एकलाख भन्दा बढी व्यवसायी कालोसूचीमा छन् र हजारौंले मुद्दा खेपिरहेका छन् ।

प्रहरीले पक्राउ गरेका, थुनिएका र सम्पत्ति बन्धक भएर सडकमा आएका व्यवसायी हजारौं छन् । जसका कारण उनीहरूको दैनिक व्यवहार मात्रै ठप्प भएको छैन, परिवारका तीन पुस्ता समेतले बैंकिङ कारोबार र वित्तीय अवसरहरूबाट वञ्चित भइरहेका छन् । आत्महत्या गर्ने र विदेश पलायन हुने व्यवसायीको संख्या बढ्दो क्रममा छ । अर्थतन्त्र कति कठिन अवस्थाबाट गुज्रेको छ भन्ने राज्यले थाहा नपाएको होइन ।

सरकार आफैंले राखेको राजस्वको लक्ष्यको दुई तिहाइ मात्र उठाउन हम्मेहम्मे पर्दा पनि व्यवसायीको मर्म राज्यले थाहा नपाए जस्तो गरिरहेको छ । राज्यले वित्तीय नीतिलाई राजस्व संकलनको आँखाले मात्रै हेर्ने गरेको छ । तर कठिन अवस्थामा पनि लगानी गर्छु, रोजगारी दिन्छु, कर तिर्छु भन्नेहरू अनेकन् दु:खमा छन् ।

सरकारको राजस्व परिचालनकै कुरा गर्ने हो भने पनि चालु आर्थिक वर्षको भदौसम्ममा गत आर्थिक वर्षको भदौको तुलनामा ३ अर्ब रुपैयाँ भन्दा कम संकलन गरेको छ जुन दुई वर्षअघिको भन्दा रु.२८ अर्बले कम हो । अघिल्लो वर्षकै पुराना भुक्तानी रोकेर सरकारले व्यवसायीलाई बैंक डिफल्टर बनाइरहेको छ ।

वैदेशिक व्यापार खुम्चने क्रम रोकिएको छैन । पहिलो दुई महिनाको व्यापार २०७८ भदौको रु.३ खर्ब ५९ अर्बबाट घटेर २०७९ भदौमा रु.३ खर्ब २ अर्ब भएकोमा २०८० भदौमा अरू घटेर रु.२ खर्ब ८६ अर्ब मात्र भएको छ । अझ निर्यात त दुई वर्र्षअघिको तुलनामा ४० प्रतिशत कम भएको छ । यसले पनि औद्योगिक उत्पादनको दयनीय अवस्थाको संकेत गर्दछ ।

यसरी मुलुकको अर्थतन्त्रलाई लयमा फर्काउन नसक्ने गरी बिग्रने क्रम जारी छ । यसको असर उद्योग-व्यवसायमा मात्र होइन समाजमा देखिंदैछ । युवा उद्यमीहरू देश छाडेर बाहिरिंदै छन् । मुलुक वृद्धहरूले चलाउने (वृद्ध) सिल्भर इकोनोमीमा परिणत हुने अनुमान गरिंदैछ । अर्थतन्त्र हाम्रो नियन्त्रणबाहिर पुग्ने खतरा बढ्दैछ । त्यसले हाम्रो स्वाभिमान र राष्ट्रियता नै कमजोर हुँदै गरेको महसुस हुँदैछ । समाजका हरेक पेशा र वर्गमा निराशासँगै एक खालको आक्रोश अझ बढ्दो छ ।

### आर्थिक संकटको पृष्ठभूमि

सरकारले बजेट मार्फत पश्चगामी करका नीतिहरू लागू गरेको छ । अहिले राजस्व संकलन गर्नमा केन्द्रित हुने वित्तीय नीतिले गर्दा नेपालको अर्थतन्त्रलाई दिगो रूपमा सपोर्ट गर्ने खासगरी कृषि, पर्यटन, ऊर्जा जस्ता क्षेत्रलाई दीर्घकालीन रूपमा धरासायी बनाउन खोजिएको छ । जबकि यी क्षेत्रहरूलाई प्रोटेक्टिभ सपोर्ट एरियामा राख्नुपर्ने हो ।

अर्थ मन्त्रालयले चासो नदिएको र राष्ट्र बैंकले अव्यावहारिक नीति ल्याएका कारण समग्र अर्थतन्त्र नै नाजुक बनेको छ । व्यावसायिक संस्थाहरूले पटक-पटक दिएको सुझाव बेवास्ता गर्दै लखेट्ने नियतबाट सरकारी नीतिहरू तर्जुमा भइरहेका छन् ।

अहिलेको अवस्थामा व्यवसायीमैत्री नीतिनियम बनाएर अर्थतन्त्र चलायमान बनाउनुपर्ने अवस्था छ तर सरकारले झन्झटिलो र अव्यावहारिक कर नीतिहरू अवलम्बन गर्दा अनौपचारिक अर्थतन्त्र मौलाउन पुगेको छ ।

नेपाल राष्ट्र बैंकले बाह्य क्षेत्रको सन्तुलन ठीक ठाउँमा राख्ने नाममा विगत दुई वर्षदेखि कसिलो मौद्रिक नीति अवलम्बन गर्दै आयात कटौती गर्दा तथा विप्रेषण र पर्यटनमा सुधार हुँदा बाह्य क्षेत्र सही ट्र्याकमा आएको छ । तर ११/१२ महिनाको आयातलाई पुग्ने वैदेशिक मुद्रा सञ्चिति हुँदा पनि आन्तरिक अर्थतन्त्र चलायमान बनाउने गरी कर्जा नीतिहरू परिवर्तन गरिएको छैन । उल्टो अनावश्यक रूपमा सूक्ष्म तरिकाले नियन्त्रण गरी आर्थिक गतिविधिलाई ठप्प बनाई उद्यम व्यवसायहरू धरासायी बनाइएको छ ।

अझ अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकबीच टकराव प्रष्ट देखिएको छ । नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकबीच समन्वयमा समस्याहरू उजागर भइरहेको देखिन्छ । अर्थ मन्त्रालयले आफ्नो जिम्मेवारी राष्ट्र बैंकलाई पन्छाउने र सबै आर्थिक समस्या मौद्रिक नीति माथि थोपर्ने गरी आरोप लगाइएको सुनिन्छ ।

अर्कोतिर राष्ट्र बैंक र बैंकहरू आफ्नै व्यवहारका कारण उत्पन्न व्यवसायका समस्यालाई नबुझ्दा वा एकापसमा दोषारोपण मात्र गरेर समस्या बल्झाउने काम मात्र गरिरहेका छन् ।

चरम मन्दी र बढेको ब्याजदरका कारण ऋणको ब्याज र किस्ता तिर्न नसकिरहेको अवस्था जोसुकैलाई थाहा छ तर बैंकहरूले अव्यावहारिक र शोषक शैलीमा ब्याज बढाई उद्योगी व्यवसायीहरूलाई थप निराश बनाएका छन् । तर नियामक निकायहरू उल्टै गैर जिम्मेवार तरिकाले एक निकायले अर्को निकायलाई जिम्मेवारी र दायित्व सारेर पन्छिने काम गरिरहेका छन् ।

केही समय पहिला राष्ट्र बैंकले एकीकृत निर्देशन जारी गर्दै कर्जाको जोखिम वर्गीकरण गर्नुपर्ने नयाँ व्यवस्था गर्‍यो, जसले थप समस्या सिर्जना गरेको छ । यसले वित्तीय संस्थाको खराब कर्जा ह्वात्तै बढ्न गई देशको अर्थतन्त्रमै प्रतिकूल असर पार्नेछ ।

यस्तै कुनै एक व्यवसायी समूहको एक ऋणी खराब सूचीमा परेमा उक्त समूहमा रहेका सबै साझेदार खराब ऋणीमा वर्गीकरण हुने व्यवस्था गरेको छ । भर्खरै मात्र राष्ट्र बैंकले फेरि जारी गरेको एकीकृत निर्देशिकामा एकै प्रकृतिका कर्जामा ब्याजदर अन्तर दर जग्गाको मूल्याङ्कन सीमा परिवर्तन, शेयर मार्जिन, कर्जामा धितो परिवर्तन लगायत परिवर्तनलाई केही सकारात्मक किसिमबाट हेर्न सकिन्छ । यसले मात्र व्यवसायीको मनोबल वृद्धि भइहाल्छ भन्न सकिन्न ।

आम उद्योगी, व्यवसायी, उनीहरूसँग जोडिएका श्रमिक, विद्यार्थी राज्य र तिनका निकायसँग उद्यमी भएर बाँच्न विश्वस्त हुन नसकी दिनदिनै विदेशको यात्रा तय गरिरहेका छन् । यसले अर्थतन्त्रका मुख्य कुरा माग (डिमाण्ड) सृजना हुनसकेको छैन ।

### अबको बाटो

अहिले नेपाल सरकार, अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंक लगायत राज्यका सरोकार वाला निकायहरूको ध्यानाकर्षण अझै हुनसकेको छैन । अर्थतन्त्रलाई चलायमान बनाउन आफू मातहतका निकायको समन्वय गर्नुपर्नेमा प्रधानमन्त्री स्वयं लाचार देखिनुभएको छ । सरकारका सबै अंग र नेपाल राष्ट्र बैंकबीच समन्वय गरेर आन्तरिक अर्थतन्त्र चलायमान बनाउन राज्य अग्रसर हुनुपर्दछ । अर्थतन्त्रमा अप्ठेरो परिरहेको बेला राज्य र राज्यका निकायहरूले नीतिमा लचकता र नियमनमा सतर्कता अपनाउनुपर्दछ ।

तपसिल बमोजिमका नीतिगत व्यवस्था एवं अवरोधपूर्ण कार्यमा सुधार ल्याई देशको अर्थतन्त्र चलायमान बनाएर मुलुकलाई अहिलेको जटिल परिस्थितिबाट निकास दिन सबै क्षेत्रका व्यवसाय, संघ-संस्थाले आ-आफ्नो व्यावसायिक क्षेत्रलाई सहयोग हुने खालको मागहरू राज्य र राज्यका निकायहरू सामु उठाइराख्नुपर्दछ । यो काम गर्न नसक्दा व्यवसायीका माग अरू कसैले उठाउने छन् र व्यवसायीका मुद्दा अन्यत्रै मोडिने छन् ।

निर्माण व्यवसायीलाई निर्माण सम्पन्न गरेको कामको भुक्तानी नदिएर राज्यले सरकार माथिको भरोसा र विश्वास गुमाएको छ । सरकार काम लगाउँछ तर आफैंले लगाएको कामको भुक्तानी दिँदैन वा दिन आनाकानी गर्छ । अनि तिनै व्यवसायीलाई नै कालोसूचीमा राख्छ । राज्यले निर्माण व्यवसायीको समस्या सही तरिकाले समाधान गर्न नसक्दा यसको गम्भीर असर सिमेन्ट, रड, ईंटा, बालुवा लगायत समग्र निर्माण क्षेत्रको व्यापारमा परेको बारे चासो दिनु जरूरी छ ।

पर्यटन र जलविद्युत् क्षेत्रको विकास अहिलेको आवश्यकता हो । तर सरकार यस क्षेत्रको समस्या समाधानमा कुनै काम गर्दैन । बरु पर्यटन बढ्न थाल्यो, बिजुली उत्पादन यति भयो भनेर हल्ला गर्दै हिंडेको छ । पर्यटकहरू भित्र्याउने स्पष्ट खाका, पर्यटक आय बढाउने रणनीति, नयाँ विमानस्थलको सञ्चालन जस्ता विषयमा सरकार गम्भीर बन्न सकेको छैन ।

त्यसैगरी विद्युत् उत्पादन गर्ने परियोजनामा सहुलियतपूर्ण कर्जाको सुनिश्चितता, प्रभावित क्षेत्रको वन तथा जमिनका समस्या र उत्पादित बिजुलीको बिक्री हुने सुनिश्चिततामा सरकारले काम गर्नुपर्ने देखिन्छ ।

नेपाली किसानद्वारा उत्पादित उपजहरूले बजार नपाई कुहिएर फाल्नुपर्ने दु:खद् तथ्य एकातिर छ भने अर्कोतिर भारत सरकारको अनुदानप्राप्त र विषादी समेत परीक्षण नगरि एका विदेशी उत्पादनहरू निर्वाध रूपमा हाम्रो देशमा भित्रिएर बिक्री-वितरण भइरहेका छन् ।

स्वदेशी उत्पादनलाई प्राथमिकतामा राखी देशका किसानको संरक्षण गर्नुको साटो यो सरकार विदेशी उत्पादनको बजारीकरण गर्न छुट दिएर आफ्नो सत्ताको भविष्य देखिरहेको छ । यसैले राज्यले आफ्नो मूल व्यापार-नीतिमा नै पुनर्विचार गर्नुपर्नेछ ।

राष्ट्र बैंकको तथ्यांक हेर्दा बैंकिङ क्षेत्रमा तरलता भए पनि न बैंकहरू कर्जा दिन तयार छन् न त उद्योगी व्यवसायीहरू नै कर्जा लिएर थप लगानी गर्न उत्साहित छन् । अहिले चाडपर्वलाई लक्षित गरी सामान आयात गर्न उद्योगी व्यवसायीले एलसी समेत खोल्न छाडिसकेका छन् । तर बजारमा अनौपचारिक अर्थतन्त्र भने मौलाउँदो छ ।

इमानदार व्यवसायीलाई बेइमानहरूले विस्थापित गर्ने र देशमा कालो अर्थतन्त्रको विकास भई कुनै पनि वेला नेपाल नै कालोसूचीमा पर्ने डर छ । सरकार यस्तो अवस्थालाई अन्त्य गर्न गम्भीर हुनुपर्छ ।

कुनै पनि व्यवसायमा सम्झौता र विश्वासका आधारमा उधारो कारोबार हुन्छ । तर यसलाई हाम्रो कानुनले नचिन्ने अवस्था छ । व्यवसायीले माग गर्दै आएको ‘उधारो असुली सम्बन्धी कानुन’ तत्काल आवश्यक छ ।

यतिखेर व्यवसायीहरूमा आफ्नो भन्दा पनि आफ्ना कामदार तथा कर्मचारीहरूको चाडपर्व कसरी टार्ने भन्ने चिन्ता छ भने अर्कोतिर असोज मसान्तको ब्याजको लागि बैंक वित्तीय संस्थाहरूको अभूतपूर्व दबाव छ । कैयौं व्यवसायी पलायन हुने क्रममा कतिपय अप्रिय निर्णय समेत गरेका छन् । यस्तो परिस्थितिमा केही महिनाका लागि बैंकको किस्ता स्थगन गरी विशिष्टीकृत रूपमा पूँजीकृत गर्ने व्यवस्था गर्नुपर्दछ ।

### निष्कर्ष

राज्य र सरकारका संयन्त्रबाट निजी क्षेत्रप्रति देखाइएको अनुदार प्रवृत्तिले उद्यमी, व्यवसायी र लगानीकर्तालाई निराश भइरहेका छन् । साथै, युवाहरू पलायन हुँदै जाँदा केही वर्षमा नै देश सिल्भर इकोनोमी (वृद्ध अर्थतन्त्र)मा परिणत हुने संकेत देखिंदैछ । यसरी निजी क्षेत्रलाई पूर्णत: पाखा पारेर, उद्योग व्यवसायीहरूलाई हतोत्साहित बनाउने र कडा कानुन बनाउने नाममा झनै समस्या बल्झाउने प्रवृत्ति व्याप्त छ ।

यसरी बनाइएका कानुन र लागू गरि एका नीतिहरूले सिंगो मुलुकको अर्थतन्त्रमा थप समस्या परेको छ । यस किसिमको अत्यन्तै जल्दोबल्दो विषयमा देशका जिम्मेवार दलहरूले गम्भीर भएर चिन्तन गर्दै दिशानिर्देश गर्नु जरूरी छ । यसका लागि उच्चस्तरीय आयोगदेखि संसदीय छलफल समेत जरूरी भइसकेको छ ।

ठूला दलहरूले यसको जिम्मेवारीबोध गर्दै व्यवसायी र सरोकारवाला सहितको गोलमेच सम्मेलन गर्दै सामूहिक राष्ट्रिय आर्थिक नीति पारित गर्नुपर्छ । अर्थतन्त्रको समस्यालाई गम्भीर रूपमा लिंदै सबै दलहरूले अपनत्व लिएर सरकारलाई सामूहिक नीति मार्फत निर्देशन दिनु जरूरी भइसकेको छ ।

*(साभार: अनलाइनखबर)*

# ‘सिक र कमाऊ’ कार्यक्रम : बाध्यता कि चाहना ?

खगीश्वरी जागरी

सन् २०१३ मा सुरु भएको ‘सिक र कमाऊ (लर्न एन्ड अर्न) कार्यक्रम’ मा ३ हजारभन्दा बढी नेपालीले भाग लिएका छन् । इजरायल सरकार र विभिन्न कृषि विश्वविद्यालयद्वारा प्रायोजित यस कार्यक्रममा बिएस्सी एग्रिकल्चर अध्ययन गरेका विद्यार्थीप्रति लक्षित यो कार्यक्रम विभिन्न विश्वविद्यालयमा सञ्चालन गरिएको छ ।

यस्मा चिठ्टा र अन्तर्वार्तामार्फत विद्यार्थी छनोट गरेर ११ महिनाको गहन तालिममा संलग्न गराइन्छन् । अध्ययन सकेर फर्केपछि विद्यार्थीले आफ्नो ज्ञान, आधुनिक प्रविधि र इजरायलबाट सिकेका सीपहरू आफ्ना परिवार र नेपालका किसानसँग साझा गर्नेछन् भन्ने अवधारणामा यो कार्यक्रम सञ्चालन गरिएको थियो । इजरायल सरकारको ‘सिक र कमाऊ’ कार्यक्रमअन्तर्गत इजरायलमा हाल २६५ नेपाली विद्यार्थी अध्ययनरत छन् । तिनमा कृषि तथा वनविज्ञान विश्वविद्यालयका ११९, त्रिभुवन विश्व विद्यालयका ९७ र सुदूरपश्चिम विश्वविद्यालयका ४९ जना छन् ।

इजरायल सरकार र सुदूरपश्चिम विश्वविद्यालयकाद्वारा प्रायोजित ‘सिक र कमाऊ’ कार्यक्रममा सहभागी १० जना नेपाली विद्यार्थीको प्यालेस्टिनी लडाकु समूह हमासले गरेको आक्रमणमा परी मृत्यु भएको छ । धेरै नेपाली अहिले बंकरमा शरण लिएर उद्धारको पर्खाइ रहेको बताइएको छ । यो हामी सबैको चिन्ता र दुखको समय हो । सन २००६ देखि हमास र इजरायलबीच पाँचवटा झडप भइसकेको छ भने अहिलेको सबैभन्दा पछिल्लो हो ।

यति असुरक्षित देशमा कृषि क्षेत्रको उच्चशिक्षा प्राप्त जनशक्ति पठाउन सरकार अपेक्षाकृत संवेदनशील नभएको देखियो । अहिले इजरायलमा रहेका विद्यार्थीहरू आतङ्कित मनोदशामा भएको तिनले विभिन्न सामाजिक सञ्जालका माध्यमबाट गुहार मागेको घटनाबाट पुष्टि हुन्छ । सरकारले तत्काल निर्णय गरेर घर फर्काउन किन ढिला गरेको होला ?

इजरायलमा जनसंख्याको २ प्रतिशत मात्र कृषिमा संलग्न छ तर त्यसैले बाँकी ९८ प्रतिशत जनसंख्यालाई पुग्ने र निर्यातसमेत गर्ने उत्पादन गर्छ । यसरी हेर्दा लाग्छ, इजरायलले नेपालको उच्चशिक्षा प्राप्त जनशक्तिको प्रयोगात्मक सीप बढाउनभन्दा पनि आफ्नो देशमा दक्ष कामदार आपूर्ति गर्न सुरु गरेको हो ।

नेपाली विद्यार्थीको लागि भने यो कार्यक्रममा सहभागी हुनु सीप हासिल गर्ने चाहनाभन्दा बढी वाध्यता जस्तो देखिन्छ । देशको विभिन्न ठाउँमा कृषि शिक्षा प्रदान गर्न न्यूनतम आधारभूत संरचना पनि नभएको ठाउँमा कृषि क्याम्पसलाई सम्बन्धन दिने र संचालन गर्ने अभ्यास छ । यसबाट देशमा कृषिमा उच्च शिक्षा हासिल गर्ने बेरोजगारको संख्या बढेको छ ।

नेपालको जनसंख्याको करिब ६६ प्रतिशत कृषिमा निर्भर छन् भने नेपालको कुल गार्हस्थ्य उत्पादनमा २३.९५ प्रतिशत यस क्षेत्रको योगदान छ । यसैले कृषिलाई नेपालको अर्थतन्त्रको मेरुदण्ड भन्ने गरिन्छ । कृषि क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न नेपालमा स्नातक तहमा कृषि शिक्षाको पहिलो तीन दशकमा त्रिभुवन विश्वविद्यालय अन्तर्गत तीनवटा मात्र सार्वजनिक कलेज स्थापना भएका थिए । नेपालमा हाल त्रभुवन विश्वविद्यालयको कृषि तथा पशु विज्ञान अध्ययन संस्थान र कृषि तथा वन विज्ञान अध्ययन संस्थानका साथै पूर्वाञ्चल, सुदूरपश्चिम, काठमाडौं र मध्यपश्चिमाञ्चल विश्वविद्यालयले कृषिमा उच्च शिक्षा प्रदान गरि रहेका छन् । प्राविधिक शिक्षा तथा तालिम परि षद् (सीटीईभीटी)लगायतले कृषिमूलक तालिमहरू तथा कृषि प्राविधिक उत्पादन गरेर कृषि शिक्षालाई अगाडि बढाइरहेका छन् ।

कृषि विज्ञानमा ’प्री डिप्लोमा’ पाठ्यक्रममा भने एक सयभन्दा बढी सरकारी र निजी संस्थामा पढाइ हुन्छ । अहिले देशभर कृषिमा स्नातक तहका लागि २ हजारभन्दा बढी सिट छन् । कृषि तथा पशु विज्ञान अध्ययन संस्थानले मात्र हालसम्म ३ हजार ९६१ भन्दा बढी जनशक्ति उत्पादन गरिसकेको छ । अर्थात्, नेपालमा कृषि पढेका दक्ष जनशक्तिको अभाव छैन ।

नेपालमा अरू क्षेत्रमा जस्तै कृषिमा पनि शिक्षित बेरोजगारीको समस्या छ । स्वरोजगारको थालनीका लागि आर्थिक समस्या आइपर्छ भने सरकारी वा गैरसरकारी क्षेत्रको जागिरमा पहुँच आवश्यक हुन्छ । अनुसन्धान गर्न वा नवप्रवर्तनका लागि पनि कृषि क्षेत्रको उच्च शिक्षित जनशक्तिलाई सहयोग गर्ने नीतिको अभाव छ । सरकारी जागिर योग्य बेरोजगारका तुलनामा अत्यन्त कम छ । देशको यही परि स्थितिले ती विद्यार्थीलाई इजरायलजस्तो जोखिम भएको ठाउँमा जान वाध्य पारेको हो ।

यसैले इजरायलमा रहेका आतङ्कित विद्यार्थीलगायत नेपाली नागरिकको सुरक्षित उद्धारका लागि नेपाल सरकारले तत्काल पहल गर्नुपर्छ । साथै अहिले कृषि क्षेत्रलाई प्राथमिकता दिएर बजेट विनियोजन गर्न नवप्रवर्तन अघि बढाउन सरकार तत्पर हुनुपर्छ । सरकार र निजी क्षेत्रका व्यवसायीसमेतले किसान तथा कृषि विज्ञलाई सहजरूपमा काम गर्ने वातावरण मिलाउन पनि आवश्यक देखिन्छ ।

(साभार: बाह्रखरी)

स्थानीय तहका कर्मचारी आन्दोलन :

# दशैंको मुखमा वृद्धाभत्तासमेत रोकिने जोखिम



काठमाडौं/काठमाडौंमा बस्ने राज सहनीको आफ्नो घर रहेको महोत्तरीको एकडारा गाउँपालिकाबाट व्यक्तिगत विवरण र नाता प्रमाणित गर्नुपर्ने थियो । दशैंको छुट्टी सुरु नहुँदै काम गरौं भनेर उनी वडा कार्यालय पुगे । तर, उनको कागजात बनेनन् । 'यसकै लागि दशैंमा चाँडो घर आएको थिएँ, तर कर्मचारी आन्दोलनमा रहेको भन्दै काम भएन, रोकिएको छ । कर्मचारी भेटिँदैनन्, अब न काममा फर्कनु, न यहाँ काम हुन्छ,' सहनी भन्छन् ।

गाउँपालिका र वडा कार्यालय खुलै भए पनि कर्मचारी नहुँदा काम हुन नसकेको गुनासो उनले गरे । स्थानीय तहका कर्मचारीको आन्दोलन देशभर नै भएकोले सेवा प्रवाह हुन नसकेको गाउँपालिकाका सूचना अधिकारी शिवेन्द्र ठाकुर बताउँछन् । 'यहाँ मात्रै होइन, देशभर का कर्मचारी आन्दोलित छन्, त्यही भएर काम हुन नसकेको हो,' ठाकुरले भने ।

झापाको बुद्धशान्ति गाउँपालिकामा दशैंको अवसरमा गाउँमा आएका नवदम्पत्तिहरु विवाह दर्ता गर्न वडा कार्यालय पुग्ने गरेका छन् । तर, दर्ताको काम नै रोकिएको छ । स्थानीय सेवामा रहेका सबै कर्मचारीहरु आन्दोलनमा होमिएपछि वडाबाट हुनपर्ने सिफारिस हुन नसकेको हो ।

चाडपर्वमा घर गएको बेला घटना दर्ता, सिफारिसको बेला धेरै सेवाग्राही आउने भएपनि काम भने हुन नसकेको १ नम्बर वडाध्यक्षसमेत रहेका गाउँपालिकाका प्रवक्ता अनिल वाग्ले बताउँछन् । 'दैनिक रुपमा सेवाग्राहीहरु फर्किरहेका छन्, कर्मचारीले 'पेन डाउन' गरेका छन् । सेवाग्राहीहरु मारमा परेका छन,' वाग्लेले भने ।

यस्तो दुःख अहिले देशभरका स्थानीय तहमा सेवाग्राहीले पाइरहेका छन् । बाराको जीतपुर सिमरा उपमहानगरपालिकाका मात्रै २४ जना कर्मचारी काठमाडौंको माइतीघर मण्डलमा आएर आन्दोलन गरिरहेका छन् । 'स्थानीय सेवाका कर्मचारीहरुलाई विभेद् गरेर निजामती सेवा ऐन आउन लागेपछि हामी अधिकारका लागि आन्दोलनमा आएका हौं । माग पूरा नभएसम्म आन्दोलन गर्छौं । दशैंको बेलामा आन्दोलन गर्ने रहर होइन बाध्यता हो,' उपमहानगरका पाँचौं तहका कर्मचारी किरण गौतमले भने ।

हेटौंडा उपमहानगर पालिकाका प्रवक्तासमेत रहेका १ नम्बर वडाका वडाध्यक्ष सविन न्यौपानेले वडाको काम ठप्प भएको बताउँछन् । 'वडामा सिफारिस गरि दिन, योजनाको काम लिएर आउने सेवाग्राही छन् तर कर्मचारीहरुको आन्दोलनले सेवा ठप्प छ । केही पनि काम भएको छैन,' वडाध्यक्ष न्यौपानेले भने । उनले कर्मचारीको आन्दोलनले दशैंको बेला स्थानीय स्तरमा गर्नुपर्ने धेरै काम रोकिएको बताए ।

बुधबार हेटौंडा उपमहा नगरपालिकामा राजस्व बुझाउन पुगेका सेवाग्राहीलाई कर्मचारीले फर्काएका थिए । राजस्व बुझाउन आउँदा नलिएपछि भोलि जरिवाना तिर्नुपर्ने भयो भने त्यसको जिम्मा कसले लिन्छ भनेर सवाग्राहीले सोध्दा कसैले पनि जवाफ दिएनन् ।

स्थानीय तहका कर्मचारी नहुँदा सबैजसो सेवा ठप्प भएको नवलपरासी (पूर्व)को हुप्सेकोट गाउँपालिकाकी अध्यक्षसमेत रहेकी गाउँपालिका राष्ट्रिय महासंघकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताइन् । 'संघीय सरकार मातहतका कर्मचारी बाहेक अन्य कर्मचारीले काम गरेका छैनन् । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतबाहेक अन्य कुनै कर्मचारीले काम नगरेपछि दैनिक रुपमा प्रवाह हुने सबै सेवा ठप्प छ,' पाण्डेले भनिन् ।

दशैंको बेला वितरण गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता वितरण समेत गर्न नसक्दा वृद्धवृद्धा तथा अन्य लक्षित वर्गको दशैं खल्लो हुने अवस्था भएको उनले बताइन् । 'संघीय सरकारलाई हामीले पटकपटक कर्मचारीहरुसँग वार्ता गर्नुस्, समस्या समाधान गर्नुस् भनिरहेका छौं । तर, सरकारले गम्भीर रूपमा लिएन । जनताले सेवा पाउने पहिलो खुड्किलोमै अवरोध हुँदा प्रत्यक्ष मारमा परेका छन्,' अध्यक्ष पाण्डेले भनिन् ।

पाण्डेका अनुसार संघीय सरकारअन्तर्गतका निजामती कर्मचारीको संख्या धेरै भएका पालिकामा यो आन्दोलनको प्रभाव कम परेको भए पनि अधिकांश गाउँपालिकामा सेवाप्रवाह रोकिएको छ । 'धेरैजसो गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतबाहेक स्थानीय सेवाकै कर्मचारीमात्रै छन्, उनीहरु सबै आन्दोलनमा गएपछि सेवा ठप्प भएको छ,' उनले भनिन् ।

सप्तरीको छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष एवम् गाउँपालिका महासंघका केन्द्रीय सदस्य समेत रहेका विद्यानाथ चौधरीका अनुसार स्थानीय तहमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कतिपय शाखामा राष्ट्रिय पञ्जिकरण विभाग मार्फत राखिएका एमआईएस अपरेटरहरुले अनलाइन मार्फत सामाजिक सुरक्षा भत्ताको रकम पठाइरहेका छन् । अधिकांश एमआईएस अपरेटरहरु पनि स्थानीय तहका कर्मचारीसँगै आन्दोलनमा छन् । स्थानीय सेवा र समायोजन भएर गएका कर्मचारीहरु मार्फत सामाजिक सुरक्षाभत्ताको काम हुने पालिकामा भत्ताको रकम रोकिने उनले बताए ।

'सामाजिक सुरक्षा भत्ता सम्बन्धी काम गर्ने स्थानीय सेवाका कर्मचारी आन्दोलित हुँदा केही पालिकामा समस्या नभएपनि अधिकांश पालिकामा भत्ता वितरणमा समस्या छ,' चौधरी भन्छन् ।

स्थानीय सेवामा रहेका लेखा अधिकृत, कम्प्युटर अधिकृत, न्यायिक समितिका कर्मचारीहरु, सामाजिक विकास क्षेत्रका कर्मचारी आन्दोलित छन् । स्थानीय सेवाका अधिकृत, नासु र खरिदारको आन्दोलनले सेवाग्राही मारमा परेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई थाहा नभएको भने होइन । तर, आन्दोलनरत कर्मचारीहरुलाई वार्तामा बोलाए पनि उनीहरु नआएको मन्त्रालयका सहायक प्रवक्ता अश्विनकुमार पोखरेलले बताए ।

तर, आन्दोलनरत स्थानीय तह कर्मचारी केन्द्रीय संघर्ष समितिले भने आन्दोलन नै नगरेका राजनीतिक दलनिकट कर्मचारी संगठनलाई वार्तामा बोलाएकाले आफूहरु वार्तामा नगएको संयोजक दीपक गौतमले बताए । 'आन्दोलनले चिन्दै नचिनेको 'स्थानीय तह कर्मचारी संयुक्त माग कार्यान्वयन परिचालान समिति'लाई पनि मन्त्रालयले वार्तामा बोलाएको छ, मन्त्रालयले वार्ता समिति गठन नै गरेको छैन,' उनले भने । वार्तामा को-को बस्ने मन्त्रालयले प्रष्ट नपारेसम्म सम्वाद नहुने उनले बताए ।

स्थानीय तहका कर्मचारीहरुले १९ असोजदेखि 'पेनडाउन'सुरु गरेका थिए । माग पूरा नभएसम्म देशभरी आन्दोलन नरोकिने उनले बताए । 'स्वास्थ्य, शिक्षालगायत अति आवश्यक काम बाहेक सबै ठप्प पारेका छौं । देशभरीबाट कर्मचारी काठमाडौं आउने क्रम अझै बढिरहेको छ । मन्त्रालयले लिखित प्रतिबद्धता नगरेसम्म हामी रोकिने छैनौं,' गौतमले भने ।

मन्त्रालयले भने स्थानीय तहका कर्मचारीहरुलाई समन्वय र छलफल गरिरहेको जनाएको छ । आधिकारिक ट्रेड युनियनहरुको स्थानीय कर्मचारी संगठन भएकाले 'स्थानीय तह कर्मचारी संयुक्त माग कार्यान्वयन परिचालन समिति'लाई पनि वार्तामा बोलाएको दाबी मन्त्रालयको सहायक प्रवक्ता पोखरेलले गरे ।

संघर्ष समिति र माग कार्यान्वयन परिचालन समितिका मागहरु एउटै रहेकाले उनीहरुलाई सँगै राख्न चाहेको उनले बताए । अर्को संगठनलाई बोलाएकै कारण वार्तामा आउदिनँ भन्न नमिल्ने उनले बताए । कर्मचारीका मागका विषयमा विषयमा उनीहरुसँग छलफल गर्न खोजेको उनले बताए । 'जनतालाई सेवा दिनुपर्ने कर्मचारीले काम नै ठप्प पार्ने कुरा उचित होइन,' उनले भने ।

**आन्दोलनभन्दा छलफलबाटै समस्याको समाधान निस्कन्छ : मन्त्री**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री अनिता देवीले आन्दोलनरत कर्मचारीसँग मन्त्रालयले निरन्तर वार्ता र छलफल चलाइरहेको बताइन् ।

'हामी छलफलमै थियौं, उहाँहरुले ज्ञापनपत्र बुझाइरहनु भएकै थियो । तर, एक्कासी आन्दोलन भयो । त्यसपछि पनि बोलाएर छलफल गरिरहेका छौं,' मन्त्री अनिता देवीले भनिन् । उनले स्थानीय तहका दुवैथरी कर्मचारीलाई बोलाएर छलफल गरेर समस्याको सामाधान हुने भन्दै मन्त्रालयले मंगलबार विज्ञप्ति समेत जारी गरेको उनले बताइन् ।

उनले भनिन्, 'समायोजन भएर गएका संघर्ष समिति र साविकको स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको संगठनलाई बोलाएर छलफल गराउन खोजेका हौं । अहिले आन्दोलन गरिरहेका कर्मचारी र साविकका स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको कुरा एकै ठाउँ बसेर सुनेपछि त समस्या हल हुन्छ ।'

मन्त्रालयबाट हुनुपर्ने दैनिक समन्वय र छलफल भइरहेको भन्दै उनले आन्दोलनभन्दा पनि छलफलबाटै समस्याको समाधान हुने बताइन् । 'हामी त निरन्तर वार्ता र छलफलमै छौं, उहाँहरुले राखेको मागप्रति नकरात्मक छैनौं । छलफल गरिरहेकै छौं,' मन्त्री अनिता देवीले भनिन् ।

*(स्रोतः अनलाइनखबर)*

# 'परदेशी २'प्रति प्रदर्शकको आश, शोज संख्या बलियो




काठमाडौं/करिब ८ वर्षअघि प्रदर्शन भएको फिल्म 'परदेशी' घरेलू बक्स अफिसमा सुपरहिट सावित भएको थियो । आर्थिक अभावका कारण वैदेशिक रोजगारीमा जान बाध्य नेपालीहरुको कथालाई प्रस्तुत गरेको फिल्मले प्रदर्शनको ५१औं दिने दुर्लभ रेकर्ड समेत मनाएको थियो । अब यसको दोस्रो श्रृंखला यही शुक्रबारबाट प्रदर्शनमा आउँदैछ । फिल्मको 'हाइप' हेर्दा सफलताको सम्भावना बलियो छ ।

यो फिल्मप्रति हल व्यवसायीहरुले पनि ठूलो आश राखेको देखिएको छ । मल्टीप्लेक्सहरुले उपलब्ध गराएको शोज संख्याले यसको संकेत गर्छ । नेपालको सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले आफ्नो देशभरका स्टेशनमा गरी फिल्मलाई पहिलो दिन ३६ शोज उपलब्ध गराएको छ । यसैगरी दोस्रो ठूलो मल्टीप्लेक्स चेन आइएनआईले आफ्नो तीनटा स्टेशनमा कूल १२ शोज दिएको छ ।

'परदेशी २'लाई रञ्जना सिनेप्लेक्स, कीर्तिपुर सिनेप्लेक्स र सिके सिनेमाजले समान ४/४ शो दिँदा क्यूज सिनेमाजले २ शो बाँडेको छ । काठमाडौंका अरु मल्टीप्लेक्सहरुमा बुकिङ खुल्ने चरणमा छ । सुपरहिट फिल्मको श्रृंखला, चुस्त प्रचार र बलियो स्टार कास्टका कारण फिल्मले मल्टीप्लेक्सहरुमा सुखद् शोज पाउन सफल भएको हो । बुकिङ राम्रो भएको अवस्थामा शोजमा थप वृद्धि हुनेछ ।

नारायण रायमाझीद्वारा निर्देशित फिल्ममा प्रकाश सपूत, केकी अधिकारी, प्रशान्त तामाङ, वर्षा सिवाकोटी, दीलिप रायमाझी, नीर शाह, रमा थपलिया, सबिन बास्तोला, देबेन्द्र बब्लुलगायतको अभिनय छ । गायनमा स्थापित सपूतले यही फिल्मबाट अभिनेताको रुपमा डेब्यू गरेका हुन् । राजेश वंशल र निर्देशक रायमाझीको निर्माण रहेको फिल्ममा रमेश बिजीको कथा र पटकथा लेखन छ ।

# सनीका दुवै छोरालाई फापेन बलिउड



एजेन्सी, मुम्बई/कुनै बेला देओल परिवारले बलिउडमा राज गरेको थियो । ७० को दशकमा धर्मेन्द्र बलिउडका ठूलो 'स्टार' थिए । त्यसपछि उनका दुई छोरा सनी देओल र बबी देओलले पनि लोभलाग्दो सफलता चुमे । अहिले पनि उनीहरुको बलिउडमा रजगज छ । सनीको त नयाँ फिल्म 'गदर २'ले बक्स अफिसमा रेकर्ड नै बनायो । तर, देओल परिवारको तेस्रो पुस्तालाई बलिउड फापेको देखिएको छैन ।

सनीका जेठा छोरा करणले २०१९ मा फिल्म 'पल पल दिल के पास'बाट बलिउडमा डेब्यू गरेका थिए । तर, फिल्म बक्स अफिसमा पत्तासाफ हुन पुग्यो । यसपछि न उनले नयाँ फिल्ममा काम गर्ने आँट गरेका छन् न कुनै फिल्मबाट अफर आएको छ । यसैक्रममा, सनीका कान्छा छोरा राजवीरले यही शुक्रबारदेखि प्रदर्शनमा आएको राजश्री प्रोडक्सनको फिल्म 'दोनो'बाट बलिउडमा डेब्यू गरे ।

राजवीरको पहिलो फिल्म पनि बक्स अफिसमा डुबेको छ । फिल्मले प्रदर्शनको ५ दिनमा जम्मा १ करोडको आँकडा मात्र नघाएको छ । जबकि, फिल्मको लागत २० करोडमाथि रहेको छ । फिल्मले ३५ लाखको ओपनिङ गरेको थियो । फिल्मलाई यो वर्षको ठूलो 'डिजास्टर' भनिएको छ । समीक्षकले राजवीरको अभिनय पनि रुचाएका छैनन् । तर, उनको लुक्सको भने राम्रो चर्चा भैरहेको छ ।

# 'भष्मे डन': दुर्गा माता बनेकी स्वस्तिमाको हातमा डमरु किन ?

काठमाडौं/धर्मग्रन्थ वा त्यसका पात्रमाथि फिल्म बनाउनु चुनौतीपूर्ण मानिन्छ । सानो गल्ती मात्र भयो भने त्यसले ठूलो द्वन्द्व मच्चाउने सम्भावना रहन्छ । यही डरले पनि नेपालमा धार्मिक फिल्म बन्दैनन् । तर, धर्मग्रन्थबाट नाम लिएर बनेका फिल्महरु विवादमा तानिएका घटना धेरै छन् । तात्तातो उदाहरण 'भागवत् गीता' हो । धर्मग्रन्थबाट नाम लिएको भन्दै विवाद चर्किएपछि शीर्षकै हेरफेर गरिएको थियो ।

कात्तिक ४ गते फूलपातीदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन' धार्मिक फिल्म त होइन तर अभिनेत्री स्वस्तिमा खड्काले निभाएको चरित्र धर्मसँग जोडिएको छ । फिल्ममा उनी दुर्गा माता बनेकी छन् । अर्थात् दुर्गा माताको गेटअपमा छिन् । दुर्गा माताप्रति हिन्दूहरुको अगाध आस्था र विश्वास छ । यसैले फिल्ममा दुर्गा माताको क्यारेक्टर संवेदनशील मानिएको छ ।

पशुपति क्षेत्रमा रोजीरोटीका लागि दुर्गा माता बनेर हिँड्ने युवतीको भूमिकामा स्वस्तिमा छिन् । उनको अनुहारमा पहेँलो र रातो रंग पनि लगाइएको छ । जबकि, दुर्गा माताको नौंवटा रुपमा कुनैमा अनुहारमा दुईथरी रंग देखिन्न । र, फिल्मको ट्रेलरमा ध्यान दिने हो भने दुर्गा माता बनेकी स्वस्तिाको ६ वटा हात छ । त्यसमध्ये एउटामा उनले डमरु बोकेकी छन् भने त्रिशुलमा पनि डमरु देखिन्छ ।

बजारमा पाइने र इन्टर नेटमा भेटिने तस्विरमा दुर्गा माताले डमरु बोकेको देखिँदैन । न त्रिशुलमै डमरु छ । आखिर फिल्ममा डमरु बोकेकी दुर्गा माता किन देखाइयो ? फिल्मका निर्देशक दीपेन्द्र के. खनाललाई नै दुर्गा माता बनेकी स्वस्तिमाले एउटा हातमा डमरु पनि बोकेकी छन् भन्नेबारे थाहा रहेनछ । सोमबार ट्रेलर सार्वजनिक कार्यक्रममा उनले त्रिशुलमा मात्र डमरु रहेको बताएका थिए ।

खनालले भनेका थिए, 'ठ्याक्कै डमरु त छैन । त्रिशुलमै 'अट्याच' छ । छुट्टै डमरु बोकेको छैन ।' तर, ट्रेलरको १८ सेकेण्डमा दुर्गा माताको गेटअपमा रहेकी स्वस्तिमाले कृतिम हातमा डमरु बोकेको स्पष्ट देखिएको छ । फिल्मकै निर्देशकलाई यो कुरा थाहा नहुनु दुर्भाग्यपूर्ण हो । अब प्रश्न यो उठ्छ कि दुर्गा माताको कुन तस्विरलाई हेरेर स्वस्तिमाले निभाएको क्यारेक्टरलाई डमरु बोकाइयो ?

त्रिशुलमा डमरु जोडिएको विषयमा भने निर्देशक खनालले प्रष्ट पार्दै भनेका थिए, 'त्रिशुल पनि दुई प्रकारको हुने रहेछ । सौर गर्ने खालको त्रिशुलमा डमरु नहुने रैछ । धार्मिक रुपले बोकेर हिँड्ने त्रिशुलमा डमरु जोडिएको हुने रैछ ।' उनी फिल्ममा दुर्गा माताको क्यारेक्टर एकदमै संवेदनशील रहेको स्वीकार गर्छन् । तर, धार्मिक आस्थामा चोट पुग्ने गरी केही काम नगरेको उनको भनाई छ ।

'दुर्गा माता फिल्मको संवेदनशील क्यारेक्टर हो । तर, हामीले यसको धार्मिक पक्षलाई एक्दमै ध्यान दिएका छौं । हामी आफैं हिन्दू भएकाले धार्मिक आस्थामा आघात पुग्ने कुनै काम गरेका छैनौं । यो मात्र एउटा क्यारेक्टरको रुपमा आएको छ । स्वस्तिमाले पनि त्यसलाई निभाउने बेला अध्ययन गरेकी छन्,' उनले भने । उनलाई मात्र होइन, स्वस्तिमालाई समेत डमरु बोकेको हेक्का रहेनछ ।

उनले त्रिशुलमा मात्र डमरु छ भनेर प्रष्टीकरण दिएकी थिइन् । यद्यपि, उनले डमरु बोक्नुको कारणबारे भनिन्, 'दुर्गा माताको पनि फरक-फरक रुप हुने रैछ । यो क्यारेक्टर बनाउँदा 'सिनेम्याट्रिक' कुन देख्छ र 'मेटाफोरिकली' कस्तो देखिन्छ भनेर 'स्टडी' गरेका थियौं । त्यो हिसाबले डमरु बोकेको दुर्गा छानेका हौं ।' उनले फिल्ममा आफू दुर्गा माता नभइ दुर्गा माता बनेको पनि स्पष्ट पारिन् ।

'फिल्ममा मैले निभाएको क्यारेक्टर दुर्गा माता होइन, बनेको हो । दुर्गा माता बनेर बस्ने क्यारेक्टर हो । ऊ आफैंमा दुर्गा माता चाहिँ होइन ।

*(स्रोतः फिल्मीखबर)*

# इजरायलमा रहेका नेपालीलाई लिन परराष्ट्रमन्त्री पठाउने सरकारको निर्णय



काठमाडौं/इजरायलमा रहेका नेपालीहरूलाई लिन परराष्ट्रमन्त्री एनपी साउद आफैं जाने भएका छन् ।

मन्त्रिपरिषद्को बुधबार बसेको बैठकले राति ११ बजे जाने नेपाल एयरलाइन्सको विमानमा परराष्ट्रमन्त्रीलाई पठाउने निर्णय गरेको हो ।

बैठकपछि कानुनमन्त्री धनराज गुरुङले भने, 'नेपाल आउन चाहने नेपालीहरुलाई लिन आज ११ बजे नेपाल एयरलाइन्समा परराष्ट्रमत्री स्वयंम जाने र नेपालीहरुलाई लिएर आउने निर्णय भएको छ ।'

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बुधबार बिहानै पर्यटनमन्त्री सुदन किरातीसहित नागरिक उड्यन प्राधिकरण र नेपाल वायुसेवा निगमका प्रमुखलाई बोलाएर इजरायल विमान पठाउने व्यवस्था मिलाउन निर्देशन दिएका थिए ।

**आफैं आए टिकट खर्च सरकारले व्यहोर्ने**

मन्त्रिपरिषद्को बैठकले हाल इजरायलमा रहेका नेपाली नागरिकले व्यवसायिक रुपमा जहाज चढेर आउन चाहे टिकट भाडा सरकारले व्यहोर्ने निर्णय पनि गर ेको मन्त्री गुरूङले जानकारी दिए ।

प्यालेस्टाइनी लडाकु समूह हमासले शनिबार इजरायलको दक्षिणी क्षेत्रमा गरेको आक्रमणमा परी १० नेपालीको मत्यु भएको थियो भने ४ जना घाइते भएका छन् । एकजना अझै सम्पर्कबिहीन छन् । तनावग्रस्त क्षेत्रमा रहेका नेपाली विद्यार्थीहरुलाई इजरायली सुरक्षा संयन्त्रले उनीहरूलाई सुरक्षित स्थानमा सारिएको छ ।

तेल अबिबस्थित नेपाली दूताबासका अनुसार करिव ४०० नेपालीले घर फर्किन विवरण टिपाएका छन् ।

*(स्रोतः अनलाइनखबर)*

# रिगलको कैद मिनाहा गर्न पुरानो मिति राखेर निर्णय

काठमाडौं/गृह मन्त्रालयले जन्मकैदको सजाय भोगिरहेका रिगल भनिने योगराज ढकालको कैद मिनाहा गर्न पुरानो मिति राखेर निर्णय गरेको भेटिएको छ ।

कारागार प्रशासनबाट फाइल ल्याएर हतार-हतारमा निर्णय गरी २ असोज, २०८० मा मात्रै राष्ट्रपति कार्यालयमा कैद मिनाहाका लागि प्रस्ताव पेश गरेका गृह मन्त्रालयका अधिकारीहरूले २४ भदौमा सिफारिस गरेको कागजात तयार पारेका हुन् ।

गृहसचिव दिनेश भट्टराई सर्वोच्च अदालतमा पेश गरेको लिखित जवाफमा २५ भदौ, २०८० मा गृह मन्त्रालयले कैद कट्टाको सिफारिस गरी फाइल मन्त्रिपरिषद्मा पठाएको दावी छ । भट्टराईले लिखित जवाफमा भनेका छन्- 'कसुरबाट उन्मुक्ति दिएको नभई बाँकी कैद अवधि मात्रै कट्टा भएको हो । गृह मन्त्रालयले २५ भदौमा गरेको सिफारिस कानुनसम्मत नै भएको हुँदा रिट निवेदन खारेज गरिपाऊँ ।'

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोत भने गृहसचिवको दावी सफेद झुट भएको बताउँछ । 'उहाँले संविधान दिवसको दुई दिनअघि मात्रै कारागार प्रशासनमा दबाव दिएर रिगल ढकालको फाइल कैद मिनाहाका लागि झिकाउनुभएको हो । हतारहतार फाइल पठाइएको हो' स्रोतले भन्यो, 'उहाँले पुरानो मिति राखेर रिगलको फाइल मन्त्रिपरिषद्मा पेश गरेको देखिन्छ ।'

२९ भदौ बसेको मन्त्रिपरिषद् बैठकले कैद कट्टा सम्बन्धी निर्णय गरेको थियो । त्यसको दुई दिनपछि मात्रै रिगलको फाइल गृह प्रशासन हुँदै मन्त्रिपरिषद् अनि त्यहाँबाट राष्ट्रपति कार्यालयमा पुगेको छ । स्रोतले भन्यो, '२९ भदौमा मन्त्रिपरिषद्को बैठकमा रिगलको फाइल पेशै भएको थिएन । पुरानो मिति राखेर पछि फाइल अनुमोदन गरियो ।'

१ भदौ २०७५ देखि मुलुकी संहिता कानुन जारी भएकाले त्यसअघि नै कैद सजाय पाएकाहरूको हकमा पुरानो कानुन आकर्षित हुन्छ । कारागार नियमावलीमा असल चालचलन भएको कैदीको मात्रै कैद मिनाहा गर्न पाउने व्यवस्था छ ।

गृहसचिव भट्टराईले पठाएको लिखित जवाफमा रिगलको चालचलनबारे उल्लेख छैन । बरु उनलाई कैदमा राखेका कारण कारागारमा क्षमताभन्दा अत्यधिक कैदीबन्दी रहेको भन्ने उल्लेख छ । उनले रिगलको कैद कट्टा गर्नुको कारणबारे भनेका छन्- 'कारागार हरूमा क्षमताभन्दा अत्यधिक बढी कैदीबन्दी रहेको सन्दर्भमा नियम अनुसार केही बाँकी कैद कट्टीका लागि मन्त्रिपरिषद्समक्ष पेश गरेको ।'

कारागार कार्यालय, दाङले १५ भदौ २०८० मा रिगलको माफी मिनाहाको फाइल कारागार व्यवस्था विभागमा पठाएको थियो । विभागका कर्मचारीहरूले जघन्य अपराधको फाइल माफी मिनाहाका लागि पेश गर्न उचित नहुने भनी निर्णय गर्न अस्वीकार गरेका थिए । तर गृहसचिवले फाइल अघि बढाउन दबाव दिएका थिए । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काको चाहना अनुसार गृहसचिव भट्टराईले रिगलको फाइल अगाडि बढाउन सक्रियता देखाएका थिए ।

नेपालगञ्जका चेतन मानन्धरलाई खुँडा हानी हत्या गरेको आरोपमा जन्मकैद (२० वर्ष) को सजाय पाएका रिजल ८ वर्ष २५ दिन मात्रै कैद बसेर रिहा भएका हुन् ।रिगलले भने आफू सुध्रिरहेकाले सरकारले आफूलाई कैदमुक्त गरेको दावी गरेका छन् । सर्वोच्च अदालतमा लिखित जवाफ पेश गर्ने क्रममा उनले आफू कैदमुक्त भएपछि कुनै पनि अपराध नगर्ने प्रतिबद्धता गरेको दावी गरेका हुन् ।

'अब उप्रान्त कुनै पनि किसिमको कसुरजन्य क्रियाकलापमा संलग्न हुनेछैन । कुनै कसुरमा संलग्न भएमा कैद कट्टा भएको सजाय समेत भोग्न मञ्जुर गर्दछु भनी प्रतिज्ञा र स्वघोषणा गरेको छु' रिगलले लिखित जवाफमा भनेका छन्, 'कैदमुक्त नगरे मेरा लागि हदैसम्मको अन्यायको अवस्था सिर्जना हुँदा कारागारमा मात्रै बाँच्न पाउने गरी व्यवस्था नगरि दिनुहुन अनुरोध गर्दछु ।' राष्ट्रपतिले कुनै कानुनी त्रुटि र स्वविवेकीय अधिकारको दुरुपयोग नगरेको भन्दै उनको निर्णय न्यायिक पुनरावलोकनको विषय बन्न नहुने दावी गरेका छन् ।

*(स्रोतः अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# दुई विद्यालयमा नि:शुल्क रोबटिक्स र अटोमेशन कार्यशाला

साझाकुरा संवाददाता

हेटौंडा, २४ असोज/ एष्ट्रोनोभा फाउण्डेशन नेपालले मकवानपुरका दुईवटा विद्यालयमा नि:शुल्क रोबटिक्स र अटोमेशन सम्बन्धी कार्यशाला गरिरहेको छ ।

विभिन्न विद्यालयका बालबालिकालाई सहभागी गराई कार्यशाला गर्दै आएको फाउण्डेशनले आइतबारबाट हेटौंडाको नवोदय शिशुसदन इङ्लिस बोर्डिङ स्कुल र बालजागृति इङ्लिस बोर्डिङ स्कुलमा ६ दिने कार्यशाला गरिरहेको छ । विद्यार्थीमा वैज्ञानिक सोच, रचनात्मक एवम सकारात्मक चिन्तन र सृजनशील तथा नेतृत्व विकासलगायत क्षमताको विकासमा सहयोग पुग्ने अपेक्षासहित कार्यशाला आयोजना गरिएको फाउण्डेशनका अध्यक्ष किशन बास्तोलाले जानकारी दिए ।

उनले सानै उमेरदेखि विद्यार्थीमा वैज्ञानिक सोच संस्कृतिको विकास गर्न, प्रविधिमय वातावरणको निर्माण गर्न, उद्यमशीलताको क्षेत्रमा काम गर्न कार्यशाला प्रभावकारी हुने बताए । कार्यशाला आयोजना गरि दिएकोमा बालजागृति र नावेदय स्कुले आयोजकलाई धन्यवाद दिएको छ । दुवै विद्यालयमा कार्यशाला उद्घाटन समारोहमा सहभागी अतिथिहरुले सूचनाप्रविधिको युगमा विद्यार्थीहरु समयसँगै नवप्रवर्तनात्मक, उद्यमशीलता, वैज्ञानिक सोचतर्फ अघि बढेर समाजमा योगदान पुऱ्याउन सक्ने भन्दै कार्यशालाको प्रशंसा गरेका थिए ।



प्रत्येक विद्यालयमा आयोजित कार्यशालामा छनोट भएका २१/२१ जना विद्यार्थी सहभागी छन् ।

फाउण्डेशनले यसअघि हेटौंडालगायत मकवानपुरगढी गाउँपालिकाका विभिन्न २७ विद्यालयमा अध्ययनरत ८५ जना विद्यार्थीमध्येबाट छनोट गरी ४५ जना विद्यार्थीलाई अभिमूखीकरण कक्षामा राखेर ११ देखि २१ वर्ष उमेर समूहका २१ जना विद्यार्थीलाई १३ दिने प्रशिक्षार्थी प्रशिक्षक कार्यशालामा सहभागी गराएको थियो । आफूले सिक्ने र सिकेको ज्ञानलाई आफ्नो विद्यालयमा सोही अनुसारको कार्यशाला गराउनुपर्ने शर्तमा विद्यार्थीले प्रशिक्षार्थी प्रशिक्षक कार्यशालामा सहभागी हुने अवसर प्राप्त गरेका थिए ।

अहिले तीनै २१ जना विद्यार्थीले आफूले सिकेको कुरा आ-आफ्नो विद्यालयमा २१/२१ जना बालबालिकालाई सिकाइरहेको फाउण्डेशनका अध्यक्ष बास्तोलाले बताए । फाउन्डेशनले हेटौंडामा वैज्ञानिक एवम् प्रविधिमय वातावरण बनाउने उद्देश्यका साथ रोबोटिक्स, आर्टिफिसिएल इन्टेलिजेन्स, फ्युचर टेक्नोलोजी र एष्ट्रोनोमीमा केन्द्रित कार्यशाला गर्दै आएको छ ।

फाउण्डेशनले यसअघि फिजिक्स, फिजिक्स इन एक्सन, म्याथ इन एक्सन, चन्द्रमा अवलोकन, नोबेल विजेता वैज्ञानिकहरुले हस्ताक्षर गरेको टेलिस्कोपबाट सोलार अवलोकन, ब्ल्याक होल, बिग ब्याङ थेउरी, थेउरी अफ रिलेटिभिटी, (स्पेशलर जनरल) को बारेमा चर्चा परिचर्चा गरेको थियो ।

# कपडामा आगो लाग्दा कैलाशका भोलन घाइते



साझाकुरा संवाददाता

हेटौंडा, २४ असोज/ मकवानपुरको कैलाशमा आगोमा पेट्रोल खन्याउदा लुगामा सल्केको आगोले पोल्दा एक युवक जलेर गम्भीर घाइते भएका छन् ।

बुधबार मकवानपुरको कैलाश गाउँपालिका-१० भवाङमा स्थानीय २३ बर्षीय हिक्मत भोलनले आफ्नै घरबाट १०० मिटरमा रहेको करेसा बारीमा साथीहरु १७ बर्षीय एक युवक (नाम अलिखित), २३ बर्षीय सागर थिङ र अन्दाजी २२/२३ बर्षीय नरेश थिङ सहित दाउरा बालेर आगो ताप्ने क्रममा २३ बर्षीय हिक्मत भोलनलाई आगोले पोल्दा जलेर गम्भीर घाइते भएको मकवानपुरका प्रहरीप्रवक्ता प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिएका छन् ।

१७ बर्षीय नाम अलिखित युवकले साथिहरुसँगै रहेको समयमा बलिरहको रहेको आगोमा प्लाष्टिकको बोतलबाट पेट्रोल खनाउँदा २३ बर्षीय भोलनले लगाएको कपडामा अचानक आगो सल्किदा कम्मरभन्दा मुनिको भाग पुरै जली घाइते भएको जनाइएको छ ।

भोलनको उपचारको लागि हेटौंडा अस्पताल ल्याइएको, उपचार सम्भव नभएपछि थप उपचारको लागि काठमाडौं कीर्तिपुर रिफर गरिएको जनाइएको छ । मकवानपुर प्रहरीप्रवक्ता भण्डारीले घटना मंगलबार बिहानको भएको तर, जानकारी बुधबार दिउँसो मात्र प्रहरीलाई प्राप्त भएको जनाएका छन् ।

# बागमतीका स्वास्थ्यमन्त्री जोशी प्रदेशभरि उत्कृष्ट

साझाकुरा संवाददाता

हेटौंडा, २४ असोज/ बागमती प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशी प्रदेशभरिका उत्कृष्ट मन्त्रीको रुपमा सम्मानित भएका छन् । प्रदेश स्वास्थ्य मन्त्रालयबाट उत्कृष्ट कार्य गरेको भन्दै मन्त्री जोशीलाई प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सम्मान गरेका हुन् ।

मन्त्री जोशीलाई मंगलबार विश्व मानसिक स्वास्थ्य दिवस एवम् सेतो कोट दिवसको अवसरमा प्रधानमन्त्री प्रचण्डले सम्मान गरेका हुन् । मन्त्री जोशीले नागरिकहरुको स्वास्थ्यउपचारका लागि गरेका कामहरु मूल्यांकन गर्दै प्रधानमन्त्री प्रचण्डले सम्मानित गरेका हुन् ।



गत जेठ ७ गते प्रदेशको स्वास्थ्य मन्त्रीमा नियुक्त भएका जोशी आफ्नो कार्यकालमा प्रादेशिक अस्पतालहरुमा विपन्नलाई नि:शुल्क उपचार गर्ने निर्णय गरेका थिए । निरन्तर अनुगमन र निगरानी गर्दै मन्त्री जोशीले प्रदेशका सरकारी अस्पतालका जनरल शैया निशुल्क गर्नेदेखि निजी अस्पतालमा विपन्नलाई १० प्रतिशत नि:शुल्क शैया, पार्किङ निस्शुल्क, सामाजिक सेवा इकाई राख्ने जस्ता काम गरेका थिए ।

यस्तै क्यान्सर तथा हृदयघातका बिरामीलाई उपचारमा छुट दिने निर्णय समेत मन्त्री जोशीले गरेका थिए । प्रदेश भित्रका सहिद परिवार, जनयुद्धका घाइते, विपद्मा परेका तथा वन्यजन्तुको आक्रमणबाट घाइते तथा क र ख वर्गका अपाङ्गहरुलाई पनि निशुल्क उपचार सेवाको निर्णय, प्रादेशिक अस्पतालहरुलाई ६५ वर्षमाथिका तथा विपन्नलाई नि:शुल्क दन्तउपचार सेवा र प्यारालाइसिस भएकाहरुलाई प्रादेशिक आयुर्वेदिक अस्पतालमा निशुल्क थेरापीको व्यवस्था पनि गरेका थिए ।

मन्त्री नियुक्त भएपछि नै जोशीले प्रदेश अन्तर्गतका १३ वटै जिल्लाका आश्रममा आश्रित, अपाङ्ग, सीमान्तकृत तथा लोपोन्मुख जातिहरुको नि:शुल्क स्वास्थ्यबीमा, महिला स्वास्थ्यस्वंसेविकालाई ५० प्रतिशत अग्रिम भुक्तानी गरी बीमाको व्यवस्था पनि गरेका थिए ।

# रातोमाटेबाट ७० किलो गाँजासहित २ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २४ असोज/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले लागूऔषधसहित २ जनालाई नियन्त्रणमा लिएको । प्रहरीले पूर्व-पश्चिम सडकखण्ड अन्तरगत पर्ने हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट मंगलबार राति २ जनालाई नियन्त्रणमा लिएको हो ।

प्रहरीले नियन्त्रणमा लिएकाहरुमा मकवानपुरको राक्सिराङ गाउँपालिका-५ बस्ने २२ वर्षीय सन्देश प्रजा र ३४ वर्षीय युबराज प्रजा रहेको मकवानपुर प्रहरीले जानकारी दिएको छ । उनीहरुलाई प्रहरी कार्यालय पशुपतिनगर र प्रहरी चौकी रातोमाटेबाट खटिएको संयुक्त टोलीले हेटौंडा-१५ रातोमाटेबाट नियन्त्रणमा लिइएको प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

भण्डारीका अनुसार मंगलबार राति ११ बजेको समयमा हेटौंडाबाट बीरगंजतर्फ जाँदै गरेको ना ५३ प ३९३० नम्बरको मोटर साइकललाई शंका लागि नियन्त्रणमा लिई चेकजाँच गर्ने क्रममा मोटर साइकलमा सवार उनीहरुको



मोवाइल मार्फत हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको बा १२ च ९७४२ नम्बरको पिकअप गाडीमा लागूऔषध गाँजा आउँदै गरेको जानकारी प्राप्त भएको थियो ।

सूचना प्राप्त हुनासाथ पिकअपलाई चेकजाँचको लागि रोक्न खोज्दा प्रहरीलाई देखी भित्री सडकखण्डतर्फ भाग्ने क्रममा बिक्रमचोक नजिक पिकअप गाडी छाडी चालक फरार भएका थिए । गाडी चेकजाँच गर्दा गाडीको ढाला र क्याबिनमुनी ११ वटा पोकामा लागूऔषध गाँजा करिव ७० किलो बरामद भएको प्रहरी नायवउपरीक्षक भण्डारीले बताए ।

बरामद गाँजा, पिकअप गाडी, मोटरसाइकल र प्रजा दुबै जनालाई नियन्त्रणमा लिई घटनाको बारेमा आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ । फरार रहेका पिकअप गाडी चालकको खोजीकार्य जारी राखेको समेत बताइएको छ ।

# औषधि व्यवसायी संघद्वारा शुभकामना आदानप्रदान

साझाकुरा संवाददाता

हेटौंडा, २४ असोज/ नेपाल औषधि व्यवसायी संघ जिल्ला शाखा मकवानपुरले हेटौंडामा शुभकामना आदानप्रदान तथा स्वागत कार्यक्रमको आयोजना गरेको छ ।

बीरगंजमा भएको १४ औं महाधिवेशनबाट चयन भएका केन्द्रीय पदाधिकारीलाई हेटौंडामा स्वागत तथा सम्मान गरिएको हो । विजयादशमी, शुभदीपावली, नेपाल संवत तथा छठ पर्वको उपलक्ष्यमा शुभकामना आदानप्रदान समेत गरि एको छ । नेपाल औषधि व्यवसायी संघका केन्द्रीय अध्यक्ष प्रकाशकुमार खण्डेवालको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि खण्डेवालले व्यवसायीको हकहितका



लागि काम गर्ने प्रतिबद्धता जनाएका छन् ।

उनले व्यवसायीलाई नै धराप पार्ने खालको ऐन संसोधन हुनुपर्ने आवश्यकता औंल्याए । औषधि व्यवसायमैत्री कानुन आवश्यक रहेकोमा उनको जोड थियो । कार्यक्रममा बोल्दै औषधि व्यवस्था विभाग बीरगंजका व्यवस्थापक सुन्दर बज्राचार्यले पछिल्लो समय औषधि व्यवसायीले सिद्धान्त भुलेकोमा दुखेसो व्यक्त गरे । औषधि जस्तो संवेदनशील क्षेत्रमा कार्य गर्दा सजगता अपनाउनुपर्ने उनको भनाइ छ ।

कार्यक्रममा हेटौंडा-११ की वडाअध्यक्ष जुना दाहाल, बागमती प्रदेश औषधि व्यवसायी संघ अध्यक्ष ध्रुवराज श्रेष्ठ, मधेश प्रदेश औषधि व्यवसायी संघका महासचिव पप्पुकुमार झालगायतको आतिथ्यता थियो ।

# अनेम संघ (क्रान्तिकारी) मनहरीको अध्यक्षमा खनाल



साझाकुरा संवाददाता

हेटौंडा, २४ असोज/ अखिल नेपाल महिला संघ (क्रान्तिकारी) मनहरी गाउँ कमिटीको बैठक सम्पन्न भएको छ । बुधबार मनहरी गाउँपालिका-९ रजैयास्थित अग्निहोत्राश्रममा कार्यक्रमको आयोजना गरी बैठक सम्पन्न गरेको हो ।

बैठकबाट अनेम संघ (क्रान्तिकारी) मनहरीले नयाँ नेतृत्व पाएको हो । चन्द्रकला खनालको नेतृत्वमा ३३ सदस्यीय अनेमा संघ (क्रान्तिकारी) मनहरी गाउँ कमिटी गठन गरेको छ । जसको उपाध्यक्षमा ईस्वरी सुनार, मञ्जुर अर्याल र लक्ष्मी खड्का चयन भएका छन् । सचिवमा बिष्णुकुमारी जिम्बा र प्रमिला पुडासैनी रहेका छन् । कोषाध्यक्षमा तारा अधिकारी चयन भएकी छन् ।

अनेमा संघ (क्रान्तिकारी) मनहरीका अध्यक्ष बिमला गलानको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य घनश्याम दाहालको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा माओवादी केन्द्र बागमती प्रदेशका सचिवालय सदस्य लक्ष्मी माझी कृपा) ज्येष्ठ कम्युनिस्ट मन्चका केन्द्रीय सदस्य रामहरि सुवेदी, मनहरी गाउँ कमिटीका इन्चार्ज राजकुमार पाखिन, अध्यक्ष रामप्रसाद कालाखेती लगायतको उपस्थित थियो ।

# ३ जना कर्मचारी ११ औं तहमा बढुवा

साझाकुरा संवाददाता

हेटौंडा, २४ असोज/ बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले ३ जना कर्मचारीलाई ११ औं तहमा बढुवा गरेको छ ।

बागमती प्रदेशको यही असोज २३ गतेको बढुवा समितिको निर्णयअनुसार कृषितर्फबाट प्रमुख एघारौं तहमा निर्देशक एघारौं तहमा सुधीर श्रेष्ठ र नारायणकुमार श्रेष्ठलाई बढुवा गर्ने निर्णय गरिएको हो । यसैगरी, भेटेरिनरी तर्फबाट डाक्टर गौरीमान श्रेष्ठलाई ११ औं तहमा बढुवा गर्ने निर्णय गरिएको बताइएको छ ।

# रानीमा लेखा ब्यवस्थापन तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २४ असोज/ सव डिभिजन वन कार्यालय, मकवानपुरगढीको आयोजनामा लेखा ब्यवस्थापन तथा माईन्युटलेखन एक दिने तालिम सम्पन्न भएको छ । सव डिभिजन वन कार्यालय, मकवानपुर गढीको चालु आव. ०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तालिमको आयोजना गरिएको हो ।

हेटौंडा-६, चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहको सभाहलमा तालिम भएको हो । तालिममा लेखा राख्ने विधि, समूहमा राख्नुपर्ने विभिन्न प्रकारका अभिलेखहरु, कार्यक्रम बनाउदा ध्यान दिनुपर्ने कुराहरु, लेखापरीक्षण, विधान तथा कार्ययोजना, माईन्युट लेख्ने तरिकालगायतका विषयमा सहभागीलाई जानकारी गराइएको थियो ।

तालिममा रानी सामुदायिक वनका कार्यालय सचिव भीमसेन पौडेलले सहजीकारण गरेका थिए । तालिममा सव डिभिजन वन कार्यालय, मकवानपुर गढीका सहायक वनअधिकृत डटेन्द्रकुमार गोलेले तालिमको उद्धेश्यको बारेमा जानकारी गराए । तालिममा रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपानेले तालिम उपयोगी भएको र सिकेका ज्ञानलाई आफनो समूहमा कार्यान्वयन गर्न आग्रह गरे । सव डिभिजन वन कार्यालय अन्तरगत रहेका विभिन्न सामुदायिक वनका २५ जनाको सहभागिता थियो ।

# जिल्लामा बुधवार ४ जनामा डेंगू संक्रमण पुष्टि

साझाकुरा संवाददाता

हेटौंडा, २४ असोज/ मकवानपुरमा बुधवार दिउँसोको तथ्यांकअनुसार ४ जनामा डेंगू संक्रमण पुष्टि भएको छ । बुधवार ४ जना थपिएसँगै जिल्लामा गत साउन १ गतेदेखि हालसम्म डेंगू संक्रमितको संख्या ५९१ पुगेको छ । स्वास्थ्य कार्यालय मकवानपुरकाअनुसार बुधबार हेटौंडा उपमहानगरपालिकाका दुईजना र मनहरी गाउँपालिकाका दुई जनामा डेंगू संक्रमण पुष्टि भएको हो । जिल्लामा हालसम्म संक्रमित भएकामध्ये सबैभन्दा धेरै संक्रमित हेटौंडा उपमहानगरपालिमा रहेका छन् । हेटौंडामा मात्रै ४ सय ४ जनामा डेंगू संक्रमण पुष्टि भएको छ ।


## सूचना ! सूचना ! सूचना !

हेटौंडा उपमहानगरपालिका एवं हेटौडा स्थित बिभिन्न कार्यालय र संघसंस्थाहरुको कामकाजमा बहिरा व्यक्ति तथा सुस्त श्रवण व्यक्तिसंगको सञ्चारलाई सहजीकरण गर्न हेटौंडा उपमहानगर पालिका र मकवानपुर बहिरा संघको साझेदारीमा सांकेतिक भाषा सहजीकरणको लागि दोभाषेको व्यवस्था गरिएको हुँदा आवश्यक परेमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

**सम्पर्कको लागि**
महिला तथा बालबालिका विकास महाशाखा
सम्पर्क नं : ०५७-५९०१०३
अम्बिका घिमिरे - ९८२१८५२६३३ (दोभाषे)

**हेटौंडा उपमहानगरपालिका**
नगरकार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर



## डेंगु रोग सम्बन्धि जानकारी

डेंगु रोग एडिज लामखुट्टेको टोकाइबाट सर्ने सरुवा रोग हो । यो रोग एक मानिसबाट अर्को मानिसमा संक्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्दछ । डेंगु रोग लागेपछि निम्न लक्षणहरु देखिन्छन् ।

- उच्च ज्वरो आउनु ।
- आँखाको गेडी वरिपरि तथा टाउकाको पछाडीको भाग दुख्ने ।
- जिउ दुख्ने ।
- जोर्नी, हड्डी तथा मांशपेशी दुख्ने ।
- छालामा बिमिरा आउने ।
- शरीरका कुनै पनि भागबाट रक्तश्राव हुने ।



डेंगु रोगको उपचार :
- डेंगु रोग भाईरसको कारणबाट हुनेहुंदा खास उपचार र खोप नभएकाले समयमै स्वास्थ्य सस्था वा अस्पताल गई लाक्षणिक उपचार गर्नु पर्दछ ।

डेंगु रोगबाट बच्ने उपायहरु :
- डेंगु ज्वरोबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नु पर्छ ।
- लामखुट्टेको टोकाइबाट बच्नका लागि दिनको समयमा पुरै शरिर ढाकिने गरी लुगा लगाउने ।
- सुत्दा झुलको प्रयोग गर्ने ।
- जम्मा भएको सफा पानीमा डेंगु रोग सार्ने लामखुट्टेको बासस्थान हुने भएकाले घर वरिपरिको पानी जम्ने स्थानहरु जस्तैः खुल्ला पानी ट्याङ्की, टायर, गमला तथा कुनैपनि भाडामा लामो समयसम्म पानी जम्न नदिने र प्रत्येक ३ वा ४ दिनमा भाडा खाली गर्ने ।
- घरायसी प्रयोजनका लागि संकलन गरिएको पानीको भाडा राम्रोसंग ढाक्ने ।
- नियमित वातावरणीय सरसफाई गर्ने ।



**हेटौंडा उपमहानरपालिका १६ नं वडा कार्यालय**
हेटौंडा, मकवानपुर



## व्यक्तिगत घटना दर्ता सम्बन्धी सुचना

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं र गराऔं ।

**जन्म दर्ता किन गर्ने ?**



- बालबालिकालाई स्कुल भर्ना गर्न
- नागरिकता र पासपोर्ट बनाउन
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न
- राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गर्न

**मकवानपुरगढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
मनहरी, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना